प्रभाव दैनिक

National Daily

इ-पेपरका लागि

वर्ष १३ | अंक २०३ | काठमाडौं | शनिबार, १२ मंसिर २०८३ | Prabhab National Daily | Saturday, 28 November 2026 | www.prabhabonline.com | पृष्ठ ६ | मूल्य रू. ५।-

निर्वाचनसम्बन्धी प्राप्त सुझाव समेटेर रणनीतिक योजना कार्यान्वयन गरिने

■ प्रभाव संवाददाता

ललितपुर– प्रमुख निर्वाचन आयुक्त मानबहादुर कार्कीले निर्वाचनसम्बन्धी प्राप्त सुझाव समेटेर रणनीतिक योजनाका कार्यक्रम कार्यान्वयन गर्ने प्रतिबद्धता जनाएका छन् ।

निर्वाचन आयोगले शुक्रबार ललितपुरमा आयोजना गरेको आयोगको चौथो रणनीतिक योजनाको मध्यावधि मूल्यांकनका लागि सरोकारवालासँगको परामर्श बैठकको समापनका अवसरमा उनले रणनीतिक योजनामा समेटिएका कार्यक्रम तथा गतिविधि कार्यान्वयन गर्न नसकिने खालका नरहेको निष्कर्षसहित प्राप्त सुझाव समेटेर योजनालाई परिमार्जन गर्दै कार्यान्वयनमा लैजाने प्रतिबद्धता व्यक्त गरे ।

'रणनीतिक योजनाको समीक्षा तथा छलफलका क्रममा केही कार्यक्रम आंशिकरूपमा कार्यान्वयन भएको र केही कार्यक्रम कार्यान्वयन हुन नसकेको विषयमा विस्तृत छलफल भएको छ । दुई वर्षभित्र सम्पन्न गर्ने लक्ष्य राखिएका ३५ कार्यक्रममध्ये १६ वटा आंशिकरूपमा कार्यान्वयन भएका छन् भने १० वटा कार्यक्रम सुरु हुन सकेका छैनन्,' प्रमुख निर्वाचन आयुक्त कार्कीले भने, 'कार्यान्वयन हुन नसकेका कार्यक्रम किन अघि बढ्न सकेनन् भनेर ध्यान दिनेछौं, कार्यक्रम कार्यान्वयन गर्न नसकिने प्रकृतिका छैनन्, कार्यान्वयनको ढाँचा तथा प्रक्रियामा सुधार आवश्यक छ भन्ने विषयमा सहभागीहरूबाट सुझाव प्राप्त भएको छ ।'

उनले रणनीतिक योजनाका पाँचवटै मूल स्तम्भलाई आधार बनाएर गरिएको छलफलमा सहभागी वक्ताहरूले कार्यक्रम असम्भव वा अनावश्यक रहेकोभन्दा पनि त्यसलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न प्रक्रियागत सुधार आवश्यक रहेको सुझाव आएको कार्यान्वयन हुन नसकेका कार्यक्रम किन अघि बढ्न सकेनन् भनेर ध्यान दिनेछौं, कार्यक्रम कार्यान्वयन गर्न नसकिने प्रकृतिका छैनन्, कार्यान्वयनको ढाँचा तथा प्रक्रियामा सुधार आवश्यक छ भन्ने विषयमा सहभागीहरूबाट सुझाव प्राप्त भएको छ ।

■ मानबहादुर कार्की
प्रमुख निर्वाचन आयुक्त

उल्लेख्य गरे ।

सहभागीबाट प्राप्त सुझावले रणनीतिक योजना कार्यान्वयनमा थप आत्मविश्वास बढाएको उल्लेख गर्दै उनले प्राप्त सुझावका आधारमा आवश्यक परिमार्जन गरी योजनालाई प्रभावकारीरूपमा अघि बढाइने प्रतिबद्धता व्यक्त गरे ।

निर्वाचन आयुक्त डा. राजीव सुब्वाले निर्वाचन प्रणालीलाई प्रविधिमैत्री र समावेशी बनाउन अब हिचकिचाउन नहुने भन्दै पोस्टल भोटिङ, अन्तरजिल्ला मतदान, विदेशमा रहेका नेपालीका लागि मतदान सुविधा, भिभीप्याटसहितको विद्युतीय मतदान प्रणाली तथा इन्टरनेट भोटिङजस्ता विकल्पलाई चरणबद्धरूपमा कार्यान्वयनमा लैजानुपर्नेमा जोड दिए ।

कार्यक्रममा पूर्वप्रमुख निर्वाचन आयुक्त भोजराज पोखरेलले निर्वाचन पद्धति र प्रणालीमा गर्नुपर्ने सुधारका विषयमा प्रस्तुतीकरण गरेका थिए । बैठकमा निर्वाचन आयोगको चौथो रणनीतिक योजनाको कार्यान्वयन अवस्थाबारे आयोगका सहसचिव नारायणप्रसाद भट्टराईले जानकारी प्रस्तुत गरेका थिए ।

कार्यक्रममा सहभागी राजनीतिक दलका प्रतिनिधिहरूले रणनीतिक योजनाको कार्यान्वयन अवस्था र चुनौतीबारे प्रश्नोत्तर, विषयगत समूहमा छलफल तथा समूहगत प्रस्तुतीकरण गरेका थिए ।

मानवअधिकार आयोगमा इनम सापकोटाको उजुरी

'यातना दिएर जबरजस्ती झूटो बयान दिन लगाइयो'

■ प्रभाव संवाददाता

काठमाडौं– सर्वोच्च अदालतका न्यायाधीशहरूलाई 'घुस डिल' गरी मुद्दा प्रभावित पार्ने 'फिक्सर'का रूपमा प्रचारित इनम सापकोटाले आफ्नो ज्यान रक्षाको मागसहित राष्ट्रिय मानवअधिकार आयोगमा उजुरी दिएका छन् । सापकोटाले आफ्नी श्रीमती कविता सापकोटामार्फत शुक्रबार उक्त उजुरी दर्ता गराएका हुन् ।

उजुरीमा सापकोटाले आफूविरुद्ध लागेका आरोपका खण्डन गरेका छन् । 'नेपाली कांग्रेसको आधिकारिकता विवाद, सर्वोच्च अदलतका माननीय न्यायाधीशहरूको सेटिङजस्ता अडियोको सम्बन्धमा मैले मेरो आफन्तहरूबाट र पछि प्रहरीले थप बयानका क्रममा सुनाउँदा थाहा पाएँ । मैले भन्दै नभनेका र जान्दै नजानेका कुराहरू मलाई पक्राउ गरेका दिन प्रहरीले पढ्न लगाएको कुराहरू काँटछाँट गरी सार्वजनिक गरिएको थाहा पाएँ,' इनमको उजुरीमा भनिएको छ ।

सापकोटा गत असोज १४ गते भारत जाने क्रममा त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट पक्राउ परेका थिए । यसअघि प्रहरीले पूर्वप्रधानन्यायाधीश चोलेन्द्रशमशेर जबरालाई गत ११ असोजमा घरबाटै पक्राउ गरेको थियो । राति २ बजे पक्राउ गरी १२ घण्टासम्म नियन्त्रणमा राखेर जबरालाई प्रहरीले केरकार गरिएको थियो ।

त्यसक्रममा चोलेन्द्रसँग सापकोटाको 'कनेक्सन' देखिएको भन्दै सापकोटालाई पक्राउ गरेको थियो । पक्राउपछि सापकोटाले दिएको बयानका आधारमा विभिन्न व्यक्तिहरूलाई प्रहरी पक्राउ गरिसकेको छ भने केहीलाई निगरानीमा राखेको छ ।

बिचौलियाको काम गर्ने सापकोटा पक्राउ परेपछि उनीसँगै धेरै हाइप्रोफाइल



व्यक्तिहरूको कनेक्सन देखिएको प्रहरीको दाबी छ । सापकोटासँग हाइप्रोफाइल व्यक्तिहरूको सम्पर्क देखिएपछि काठमाडौं उपत्यका प्रहरी कार्यालय रानीपोखरीका एसपी नरहरि रेग्मीको नेतृत्वमा अनुसन्धान गर्न छुट्टै समिति नै बनाइएको थियो ।

सोही आधारमा कांग्रेस नेता उमेश श्रेष्ठका भाइ महेश श्रेष्ठ पक्राउ परेका छन् । त्यस्तै लगानी बोर्डका पूर्वसिइओ सुशील भट्ट पनि पक्राउ परेका छन् । सापकोटासँगै कनेक्सन देखिएपछि सशस्त्र प्रहरी बलका एआइजी वंशीराज दाहालको जागिर गएको छ ।

सापकोटाले आयोगमा दिएको उजुरीमा भने सबै काम सुरक्षाकर्मीको जबर्जस्तीमा आफूलाई गराउन लगाएको दाबी गरेका छन् । 'उनीहरूविरुद्ध प्रमाण र बयान दिए छाडिदिने नत्र ममात्र हैन । मेरो परिवारसमेतलाई नराम्रो हुन्छ भनी धम्की दिइयो,' उजुरीमा लेखिएको छ ।

गत असोजको १४ गते विमानस्थलबाट आँखामा पट्टी बाँधेर अज्ञात स्थलमा लगिएको र १५ गतेसम्म आँखामा पट्टी बाँधिएको उजुरीमा लेखिएको छ । पूर्वप्रधानन्यायधीश चोलेन्द्र, उनका भाइ-छोरा, कांग्रेस सभापति गगन थापा, कांग्रेस नेता तथा व्यवसायी उमेश श्रेष्ठ, भाटभटेनी सुपरमार्केटका सञ्चालक मीनबहादुर गुरुङ, हिमालय होटलका नवीन तुलाधर, सर्वोच्च अदालतमा कार्यरत केही न्यायाधीशविरुद्ध प्रमाण र बयान दिन लगाएको सापकोटाले दाबी गरेका छन् ।

सापकोटाले तीमध्ये केहीलाई आफूले नचिनेको बताएका छन् । आफूले नियन्त्रणमा लिएका व्यक्तिले भनेअनुसार बयान दिन अस्वीकार गर्दा झूटा मुद्दा लगाउने, आफ्नो र परिवारको जिउ ज्यानमै खतरामा पार्ने धम्की दिएको उनले दाबी गरेका छन् । 'मानसिक यातना दिई रहे । सो क्रममा मलाई फकाउने र तर्साउने काम गरिरहे । एकातिरको आँखाको पट्टी माथि सारी सबैले सुन्नेगरी ठूलो स्वरमा पढ्न लगाए,' सापकोटाले उजुरीमा भनेका छन् ।

⏭ क्रमशः पृष्ठ २ मा

उजुरीमा इनमका चार दाबी

अज्ञात स्थलमा नियन्त्रण र धम्की:

त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट नयाँदिल्ली जाने क्रममा प्रहरीले नियन्त्रणमा लिई १५ गते साँझसम्म आँखामा पट्टी बाँधी अज्ञात स्थलमा राखेको तथा विभिन्न उच्चपदस्थ व्यक्ति र व्यवसायीहरूविरुद्ध बयान र प्रमाण दिन दबाब तथा परिवारलाई समेत खतरा पुऱ्याउने धम्की दिइएको ।

जबरजस्ती पढ्न लगाइएको:

आफूलाई जानकारी नै नभएका कुराहरू ठूलो स्वरमा पढ्न लगाई सोही कागजमा सही गर्न इन्कार गर्दा भद्रकालीस्थित जिल्ला प्रहरी परिसरमा पुऱ्याइएको, अभद्र व्यवहारको झूटा मुद्दामा म्याद थप गरिएको तथा कानुनीरूपमा बोक्न मिल्ने विदेशी मुद्राको विषयलाई समेत जोडेर सम्पत्ति शुद्धीकरणको मुद्दा थपिएको ।

खानतलासी गर्दा केही नभेटिएपछि बनावटी मुचुल्का तयार:

पानीपोखरीस्थित निवासमा खानतलासी गर्दा केही नभेटिएपछि सुटकेसबाट निकालिएको रकम घरमै फेला परेको भनी बनावटी मुचुल्का तयार पारिएको, पहिले नै खोसिएको मोबाइलसमेत बरामद भएको देखाइएको तथा खाली कागजमा आफन्तको दस्तखत गराइएको ।

अडियो रेकर्ड, एआईको प्रयोग:

आफूले पढ्न लगाइएका विषयलाई रेकर्ड गरी काँटछाट र एआई वा अनधिकृत माध्यमबाट प्रमाण सिर्जना गरिएको, मोबाइल दुई दिनसम्म अन्य व्यक्तिलाई दिई छेडखानी गरिएको तथा आरोप प्रमाणित नहुँदै 'बिचौलिया' र 'फिक्सर' जस्ता शब्द प्रयोग गरी मिडिया ट्रायल तथा गोपनीयताको हक हनन गरिएको ।

⏭ क्रमशः पृष्ठ २ मा

सन्दर्भः वैदेशिक रोजगार

म्यानपावरले व्यक्तिगत भिसामा विदेश पठाउन खोजे विभागमा खबर गर्न अनुरोध



■ प्रभाव संवाददाता

काठमाडौं– वैदेशिक रोजगार विभागले म्यानपावर कम्पनीले व्यक्तिगत भिसामा वैदेशिक रोजगारीमा पठाइदिन्छु भने विभागलाई जानकारी गराउन आग्रह गरेको छ । विभागले शुक्रबार एक सूचना जारी गर्दै कुनै म्यानपावर, संस्था, कन्सल्टेन्सी वा कसैले व्यक्तिगत श्रम स्वीकृतिमा विदेश पठाउने आश्वासन दिएर पैसा मागे खबर गर्न भनेको हो ।

यस्तो सूचना दिनेहरूको व्यक्तिगत विवरण पूर्णरूपमा गोप्य राखिनेसमेत विभागले जनाएको छ । साथै, म्यानपावरले व्यक्तिगत श्रम स्वीकृति गराएर श्रमिक पठाउने कार्य गैरकानुनी हुने विभागले स्पष्ट पारेको छ ।

'इजाजतप्राप्त संस्थाहरूले व्यक्तिगत श्रम स्वीकृति गराई वैदेशिक रोजगारीमा कामदार पठाउन नपाउने व्यवस्था वैदेशिक रोजगार ऐन, २०६४ दफा २१ को उपदफा (३) मा रहेको छ,' सूचनामा भनिएको छ ।

ऐनमा रहेको प्रावधान विपरीत व्यक्तिगत श्रम स्वीकृतिमा श्रमिक पठाउने गरेको पाइए हदैसम्मको कारबाही हुने चेतावनी विभागले दिएको छ । म्यानपावरमार्फत युरोपलगायतका देशमा रोजगारीमा जाने श्रमिकलाई उक्त संस्थाले सम्बन्धित देशमा कामदार पठाउन पूर्वस्वीकृति लिए नलिएको यकिन गर्नसमेत विभागले अनुरोध गरेको छ ।

पछिल्लो समय व्यक्तिगत श्रम स्वीकृतिमा युरोपलगायतका मुलुक पठाइदिने नाममा धेरै युवाहरू ठगीमा पर्दै आएका छन् । कतिपय अवस्थामा म्यानपावर कम्पनीलेसमेत व्यक्तिगत भिसामा युरोप पठाउने गरेको सूचना प्राप्त भएकाले सूचना जारी गरेको विभागले जनाएको छ ।

विभागको अधिकांश सेवा अनलाइनबाटै, बिचौलिया आवश्यक नपर्ने

काठमाडौं, (प्रस)– वैदेशिक रोजगार विभागले कार्यालयबाट प्रवाह हुने सेवा अनलाइन गरिएकाले बिचौलिया आवश्यक नपर्ने जनाएको छ । शुक्रबार सूचना जारी गर्दै विभागको काममा सहजीकरण गरिदिने भन्दै कसैले आर्थिक कारोबार गर्न खोजेमा तत्काल जानकारी गराउन भनिएको छ ।

युवा, श्रम तथा रोजगार मन्त्रालयको निर्देशनमा विभागबाट प्रवाह हुने सेवालाई सरल, छिटो र व्यवस्थित बनाउने क्रममा अधिकांश सेवा अनलाइन प्रणालीमा लगिएको जनाइएको छ । विभागले तोकिएको कागजात पुगेको अवस्थामा श्रम स्वीकृतिसम्बन्धी कार्य २४ घण्टाभित्र सम्पन्न हुने भनेको छ । त्यस्तै, राहत उद्धारसम्बन्धी काम तीन दिनभित्र, मुद्दा तथा अनुसन्धानसम्बन्धी प्रारम्भिक कारबाही सात दिनभित्र तथा अनुगमनसम्बन्धी कार्य नियमितरूपमा हुनेगरी व्यवस्था मिलाइएको जनाइएको छ ।

सूचनाका अनुसार हाल विभागमा उपस्थित भएर सम्पन्न गर्नुपर्ने काममा सहजीकरण गर्न पाँच जना कर्मचारीसहितको सहायता कक्ष सञ्चालन गरिएको छ । सहजकर्ताले निःशुल्क रूपमा निवेदन लेखिदिने, अनलाइन उजुरी गर्ने, आफ्नो काम कहिले हुन्छ र कुन प्रक्रियामा पुगेकोलगायतका विषयमा सहयोग गर्ने भएकाले बिचौलिया या बाहच सहजकर्ता आवश्यक नपर्ने विभागले स्पष्ट पारेको छ ।

साउदीमा ज्यान गुमाएका नेपालीको शव ल्याउन समन्वय सुरू

■ प्रभाव संवाददाता

काठमाडौं– साउदी अरबमा भएको आक्रमणमा ज्यान गुमाएका नागरिकको शव नेपाल ल्याउन आवश्यक समन्वय सुरु भइसकेको परराष्ट्र मन्त्रालयले जनाएको छ । शुक्रबार मन्त्रालयमा आयोजित नियमित प्रेस ब्रिफिङमार्फत शव ल्याउन रियादस्थित नेपाली राजदूतावासबाट आवश्यक समन्वय सुरु भइरहेको जनाइएको हो ।

साउदी अरबको किङ अब्दुल्लाह फाइनान्सियल डिस्ट्रिक्टअन्तर्गत रहेको पब्लिक इन्भेस्टमेन्ट फण्ड टावर र जजान क्षेत्रमा नोभेम्बर २४ मा भएका दुई आक्रमणमा चार जना नेपाली घाइते भएकोमा अस्पतालमा उपचारका क्रममा एक जनाको निधन भएको थियो । हालसम्म मृतकको पहिचान खुलाइएको छैन । घाइतेमध्ये एक जना स्वास्थ्यलाभ गरी अस्पतालबाट फर्किसकेको बाँकी दुई जनाको उपचार भइरहेको मन्त्रालयका प्रवक्ता लोकबहादुर पौडेल क्षेत्रीले बताए ।

प्रवक्ता क्षेत्रीले विदेशमा रहेका नेपाली नागरिकको सुरक्षा र हित सरकारको प्राथमिकतामा रहेको



बताए । मन्त्रालयले पश्चिम एसियामा विकसित पछिल्ला घटनाक्रमलाई नेपालले नजिकबाट नियालिरहेको यस्तो समस्या शान्तिपूर्णरूपमा समाधान हुनुपर्नेमा उनले जोड दिए ।

'कुनै पनि समस्याको समाधान शान्तिपूर्ण वार्ता र कूटनीतिक माध्यमबाट हुनुपर्ने र कुनै पनि बहानामा जीउ ज्यान र निजी सम्पत्ति एवं सार्वजनिक पूर्वाधारलाई निशाना बनाउन नहुने विषयलाई हामी विशेष जोड दिन चाहन्छौं,' प्रवक्ता क्षेत्रीले भने । मन्त्रालयले साउदीमा रहेका नेपाली नागरिकलाई राजदूतावासबाट जारी भएका सुरक्षासम्बन्धी मार्गदर्शन, सूचना र जानकारीहरू पूर्णपालना गर्न विशेष अनुरोधसमेत गरेको छ ।

नेपाली र अमेरिकी सेनाबीच विस्फोटक पदार्थ निष्क्रिय पार्ने सीप आदानप्रदान हुने

काठमाडौं (प्रस)– नेपाली सेना र संयुक्त राज्य अमेरिकाको सेनाबीच 'शान्ति प्रयास अभ्यास-२०२६' अन्तर्गत विस्फोटक पदार्थ पत्ता लगाउने, निष्क्रिय पार्ने र सुरक्षितरूपमा हटाउने विषयमा ज्ञान तथा अनुभव आदानप्रदान हुने भएको छ ।

अमेरिकी सेनाको प्रशान्त कमाण्डका विशेषज्ञहरू यही मंसिर १४ देखि २१ गतेसम्म नेपाली सेनासँगको उक्त कार्यक्रममा सहभागी हुने यहाँस्थित अमेरिकी दूतावासले जनाएको छ । नेपाली सेनाको आयोजनामा पाँचखालस्थित वीरेन्द्र शान्ति कार्य तालिम केन्द्रमा सञ्चालन हुने कार्यक्रममा दुवै देशका सैन्य विशेषज्ञले विस्फोटक पदार्थ तथा उपकरण पत्ता लगाउने, निष्क्रिय पार्ने र सुरक्षित रूपमा विसर्जन गर्ने विधिबारे अनुभव साटासाट गर्ने छन् ।

कार्यक्रममा अमेरिकी सैन्य विशेषज्ञहरूले कार्यसञ्चालनको अनुभव, प्राविधिक ज्ञान र उत्कृष्ट अभ्यासबारे जानकारी गराउने छन् । त्यसैगरी, उनीहरूले शान्ति स्थापना कार्यका क्रममा विस्फोटक पदार्थबाट उत्पन्न जोखिम व्यवस्थापनमा नेपाली सेनाले हासिल गरेको अनुभवबाट पनि सिक्ने अवसर पाउने छन् ।

दुवै देशका विशेषज्ञले संयुक्तरूपमा अभ्यास गरी विस्फोटक पदार्थजन्य जोखिम पहिचान, व्यवस्थापन र सुरक्षित विसर्जनका लागि आवश्यक सीप अभिवृद्धि गर्ने छन् । यस कार्यक्रमले दुई देशबीचको सैन्य सहकार्य र तयारी क्षमता सुदृढ गर्नुका साथै शान्ति सैनिक तथा नागरिकको सुरक्षा गर्ने क्षमता अभिवृद्धि गर्ने अपेक्षा गरिएको दूतावासले जनाएको छ ।

कार्यवाहक अमेरिकी राजदूत मेगन बोल्डिनले नेपाल शान्ति सैनिक योगदान गर्ने विश्वका अग्रणी मुलुकमध्ये एक रहेको उल्लेख गर्दै यस कार्यक्रमले नेपाल र अमेरिकाबीचको दीर्घकालीन रक्षा साझेदारीलाई थप मजबुत बनाउने बताए । विस्फोटक पदार्थ निष्क्रिय पार्ने र हटाउने विषयमा विज्ञता आदानप्रदान गर्दा दुवै देशका साथै विश्वभरका शान्ति स्थापना अभियानमा मानवीय जीवनको रक्षा गर्ने क्षमता अभिवृद्धि हुने उनको भनाइ छ ।

सेवाग्राहीलाई दुःख दिने सात जना बिचौलिया पक्राउ

काठमाडौं (प्रस)– जिल्ला प्रशासन कार्यालयमा आउने सेवाग्राहीलाई दुःख तथा हैरानी दिने गरेको आरोपमा प्रहरीले सात जना बिचौलियालाई पक्राउ गरेको छ ।

पक्राउ पर्नेमा सिन्धुलीको सुनकोशी गाउँपालिका-२ का ४२ वर्षीय कमल खड्का, झापाको गौरादह नगरपालिका-७ का ५० वर्षीय गोपालबहादुर विष्ट, स्याङ्जाको भिरकोट नगरपालिका-५ का ४६ वर्षीय देवप्रसाद अर्याल र काठमाडौं महानगरपालिका-२९ अनामनगरका ५६ वर्षीय नरेन्द्रप्रसाद भण्डारी रहेका छन् ।

त्यसैगरी ललितपुरको इमाडोलका ५७ वर्षीय ओमशरण रानामगर, काठमाडौंको कागेश्वरी मनोहरा नगरपालिका-३ का ४८ वर्षीय रमेशप्रसाद पुडासैनी तथा तेह्रथुमको म्याङलुङ नगरपालिका-६ का ५७ वर्षीय स्वयम् कृष्ण निरौला पक्राउ परेका छन् ।

जिल्ला प्रशासन कार्यालयमा आउने सेवाग्राहीलाई बिचौलियाले दुःख तथा हैरानी दिने गरेको जनगुनासोका आधारमा जिल्ला प्रहरी परिसर काठमाडौंबाट खटिएको प्रहरी टोलीले उनीहरूलाई पक्राउ गरेको परिसरका प्रवक्ता एवं प्रहरी उपरीक्षक दानबहादुर थापाले जानकारी दिए । पक्राउ परेका सातै जनामाथि थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी परिसर काठमाडौंले जनाएको छ ।

भोटेकोशी विपद्मा ६२३ विदेशी नागरिक बेपत्ता

काठमाडौं (प्रस)– भोटेकोशी-त्रिशूली विपद्मा बेपत्ता विदेशी नागरिकमध्ये १९ देशका ६२३ जनाको विवरण सम्बन्धित देशका निकायबाट प्राप्त भएको छ ।

राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका अनुसार प्राप्त विवरणमा सबैभन्दा धेरै भारतका २१३ जना रहेका छन् । चीनका ८५, अमेरिकाका ६९, युक्रेन र मलेसियाका ५४-५४, अस्ट्रेलियाका ३३, बेलायतका ३२ र क्यानडाका २७ जना बेपत्ता नागरिकको विवरण प्राप्त भएको छ ।

त्यस्तै, रुसका ११, कोरिया र सिंगापुरका नौ-नौ, जर्मनीका आठ, दक्षिण अफ्रिकाका छ, फ्रान्सका चार तथा इटाली, हंगेरी, बेल्जियम र काजकिस्तानका दुई-दुई जना बेपत्ता नागरिकको विवरण प्राप्त भएको प्राधिकरणले जनाएको छ । बेलारुसका एक जना नागरिकको विवरण पनि प्राप्त भएको छ ।

प्राधिकरणका अनुसार लाट्भिया, जापान, न्युजिल्याण्ड, आयरल्याण्ड, नेदरल्याण्ड्स, पोर्चुगल, स्पेन, इस्टोनिया, फिनल्याण्ड, इजरायल, लिथुआनिया, फिलिपिन्स, स्विडेन, स्वीट्जरल्याण्ड र भियतनामलगायतका देशबाट भने विवरण प्राप्त हुन बाँकी रहेको छ । प्राधिकारणका प्रमुख कार्यकारी डा. धर्मराज उप्रेतीले सम्बन्धित देशका निकायबाट प्राप्त विवरणका आधारमा बेपत्ता नागरिकको विवरण अद्यावधिक गरिरहेको जानकारी दिएका छन् । विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन कार्यकारी समितिबाट बेपत्ता व्यक्तिलाई मृत्यु घोषणा गर्न सरकारसमक्ष सिफारिस गरेको छ ।

समितिका अनुसार ४८ जिल्लाबाट यकिन भई आएका तीन हजार ९१५ नेपाली तथा सातवटा विदेशी नियोगबाट यकिन भई आएका ६२३ विदेशी नागरिकको विवरण प्राप्त भएको छ । विपद्सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने अध्यादेश, २०८३ को दफा २ को उपदफा (३) मा विपद्मा परी बेपत्ता भएका व्यक्तिलाई नेपाल सरकारले मृत्यु घोषणा गर्न सक्ने व्यवस्था छ ।

पृष्ठ १ बाट क्रमशः

यातना दिएर...

प्रहरीले जबरजस्ती पढ्न लगाएका कुराहरूलाई काँटछाँट गरेर अडियो बाहिर आएको आफूले जानकारी पाएको सापकोटाले उजुरीमा उल्लेख गरेका छन् । सोही अडियोको आधारमा बयान दिन भनी दबाब दिइरहेको सापकोटाले उजुरीमा दाबी गरेका छन् ।

एआईबाट निर्मित अडियोसमेत बाहिर ल्याइएको भनी आफूले थाहा पाएको सापकोटाले बताएका छन् । 'प्रहरीले मेरो मोबाइलसमेत २ दिनसम्म अन्य अनधिकृत व्यक्तिलाई दिएको र ती व्यक्तिबाट म प्रहरीकै नियन्त्रणमा रहँदा छेडखानी गरी हुँदै नभएका विभिन्न प्रमाणहरू सिर्जना गरेको, एआईबाट सिर्जित कागजातसमेत प्रमाणको रूपमा प्रस्तुत हुन थालेको समाचार आइरहेको कुरा आफन्त र कानुन व्यवसायीबाट जानकारी भएकाले म निवेदकलाई फसाउन प्रपञ्च तथा षडयन्त्र गरि रहेको,' सापकोटाको उजुरीमा लेखेका छन् ।

सापकोटाको बयान भन्दै कांग्रेसको आधिकारिकताका लागि १८ करोड रूपैयाँ दिएको भनी अडियो सार्वजनिक गरिएको थियो ।

निवेदनअनुसार आफूले बयान दिन अस्वीकार गरेपछि लामो समय जेलमा राख्ने गरी झूटा मुद्दा लगाउने र परिवारको जीउज्यानमासमेत खतरा पुऱ्याउने धम्की दिइएको गुनासो गरेका छन् । त्यसपछि आफूलाई केही कुरा पढ्न लगाइएको र त्यसैका आधारमा तयार पारिएको कागजमा हस्ताक्षर गर्न दबाब दिइएको सापकोटाको दाबी छ ।

प्रहरीले घरका कोठाहरू खानतलासी गरी पुरानो ल्यापटप, पुरानो मोबाइल फोन तथा केही कागजात नियन्त्रणमा लिएको उनको भनाइ छ । तर, खानतलासीका क्रममा बरामद भएका वस्तु र रकमबारे गलत विवरण राखेर बरामदी मुचुल्का तयार गरिएको निवेदनमा उल्लेख छ । आफ्नो सुटकेसमा रहेको साइड ब्यागबाट केही विदेशी मुद्रा निकालेर बरामद भएको देखाइएको सापकोटोका उजुरीमा उल्लेख छ ।

■■■

उजुरीमा इनमका...

विशिष्ट व्यक्तिहरूविरुद्ध बयान र प्रमाण दिन धम्की:

सोधपुछका क्रममा 'तिम्रोविरुद्ध हाम्रो व्यक्तिगत केही छैन' भन्दै पूर्वप्रधानन्यायाधीश चोलेन्द्रशमशेर जबरा, उनका भाइ तथा छोरा, गगन थापा, उमेश श्रेष्ठ, मीनबहादुर गुरुङ, नवीन तुलाधर र सर्वोच्च अदालतमा कार्यरत केही श्रीमान् हरूविरुद्ध प्रमाण र बयान दिए छाड्ने, नत्र आफूमात्र होइन परिवारसमेतलाई नराम्रो हुने धम्की दिएको ।

लिक्विडेटर कार्यालयको हकदावी सम्बन्धी ३५ दिने सूचना

कम्पनी ऐन २०६३ बमोजिम कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वरमा मिति २०७९/१०/२९ दर्ता भएको **दर्ता नं. ३०७०५७/०७९/०८०** को **ब्रिज इन्भेष्टमेन्ट कम्पनी प्रा. ली.** को मिति २०८३/०८/११ मा विशेष बैठकले विशेष प्रस्ताव पारित गरि निर्णय भए अनुसार कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी (लिक्विडेशन) मा लैजाने निर्णय अनुसार यस कम्पनीमा कोही कसैको केही बाँकी बक्यौता भएमा वा लेनदेन आदि बाँकी भएमा वा खारेज गर्नु नपर्ने अन्य कुनै कारण भएमा तथ्ययुक्त आधार र सबुत प्रमाण सहित यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिन भित्र हकदावि गर्न निम्न लिखित लिक्विडेटरको कार्यालयमा सम्पर्क राख्नुहुन सूचित गरिन्छ ।

लिक्विडेटर: श्रवण कुमार श्रेष्ठ, इजाजत पत्र नं. ४०४
ठेगाना :त्रिपुरेश्वर, काठमाडौं, फोन नं. ४२५१२१७००४

लिक्विडेटर कार्यालयको हकदावी सम्बन्धी ३५ दिने सूचना

कम्पनी ऐन २०६३ बमोजिम कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वरमा मिति २०७७/०५/३० दर्ता भएको **दर्ता नं. २४१८९३/०७७/०७८** को **क्यापिटल लेटर्स प्रा. ली.** को मिति २०८३/०८/११ मा विशेष बैठकले विशेष प्रस्ताव पारित गरि निर्णय भए अनुसार कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी (लिक्विडेशन) मा लैजाने निर्णय अनुसार यस कम्पनीमा कोही कसैको केही बाँकी बक्यौता भएमा वा लेनदेन आदि बाँकी भएमा वा खारेज गर्नु नपर्ने अन्य कुनै कारण भएमा तथ्ययुक्त आधार र सबुत प्रमाण सहित यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिन भित्र हकदावि गर्न निम्न लिखित लिक्विडेटरको कार्यालयमा सम्पर्क राख्नुहुन सूचित गरिन्छ ।

लिक्विडेटर: श्रवण कुमार श्रेष्ठ, इजाजत पत्र नं. ४०४
ठेगाना :त्रिपुरेश्वर, काठमाडौं, फोन नं. ४२५१२१७००४

मोटरसाइकल हराएको सूचना

मेरो निम्न व्यहोरा भएको Pulsar 220 कालो र रातो रंगको हुलास फिनसर्भ हायर पर्चेज प्रा.लि.को नाममा रहेको मोटरसाइकल मिति २०८३।०७।२३ गते का.जि. तारकेश्वर न.पा. वडा.नं. ७, फुटुङ आफ्नै साथि घरको अगाडि पार्किङ गरेको स्थानबाट विहान ०५:०० बजे तिर हराएकोले पाउनुहुने महानुभावले नजिकैको प्रहरी चौकी वा निम्न ठेगानामा सम्पर्क गरिदिनुहोला ।

ऋणीको नाम: शिवराम श्रेष्ठ
बाईक नं.:– Ba Pra. 02-052 PA 1254
चेसिस नं. :– MD2A13EX8RCB81236
इन्जिन नं.:– DKXCRB20924
सम्पर्क:– 9843379900

मोटरसाइकल हराएको सूचना

मेरो निम्न व्यहोरा भएको **Pulsar 220 F, HULAS AUTO,** कालो र निलो रंगको मोटरसाइकल मिति २०८३/०८/११ गते का.जि.च.न.पा. वडा.नं. ८, तिलगंगा आर्खौं अस्पताल नजिक सडकखण्डमा पार्किङ गरेको स्थानबाट अन्दाजी १२:३० बजेतिर हराएकोले पाउनुहुने महानुभावले नजिकैको प्रहरी चौकी वा निम्न ठेगानामा सम्पर्क गरिदिनुहोला ।

ऋणीको नाम: श्री विनोद मगर
बाइक नं. : Ba Pra. 03-058 PA 0251
चेसिस नं. : MD2A13EX8SCA81997
इन्जिन नं. : DKXCSA16313
सम्पर्क : 9843689394/9843225507

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको

कम्पनी दर्ता खारेज्री सम्बन्धी १ (एक) दिने सूचना

यस कार्यालयमा मिति २०७४/१०/२१ मा दर्ता भएको प्रा.लि.नं. १८३१०९ को **अदान रिक्रुटमेन्ट सर्भिसेज प्राइभेट लिमिटेड** नामक कम्पनी यस कार्यालयको मिति २०८३।०८।११ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १३६ (१) बमोजिम दर्ता खारेज गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको

विशेष दर्ता खारेजी सम्बन्धी १ (एक) दिने सूचना

यस कार्यालयमा मिति २०५५/१०/१२ मा दर्ता भएको प्रा.लि.नं. ९८५९ को **के.एन.कन्ट्रक्सन सर्भिस प्रा.लि.** नामक कम्पनी यस कार्यालयमा मिति २०८३/०८/१० गतेको निर्णय अनुसार कम्पनी ऐन १३६ 'क' बमोजिम **विशेष दर्ता खारेज** गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको

कम्पनी दर्ता खारेज गरिएको सूचना

यस कार्यालयमा मिति २०७४/१२/०४ मा दर्ता भएको यस **मेटा डिजाइन एण्ड सप्लायर्स प्राइभेट लिमिटेड** (प्रा.लि.नं. १८५९०१) कम्पनी यस कार्यालयको मिति २०८३/०५/११ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ (१) बमोजिम **दर्ता खारेज** गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

श्रीरामलक्ष्मी डिष्ट्रलरी उद्योग

मिति : २०८३/०८/१३ गतेबाट लागू हुने

ब्राण्डको नाम	मि.लि	क्षेत्रीय वितरक मु.अ. कर सहित	वितरक मु.अ.कर सहित	थोक विक्रेता मु.अ.कर सहित	खुद्रा विक्रेता मु.अ.कर सहित	उपभोक्ता प्रति बोतल
हिमाली एप्पल ब्राण्डी	७५०	९६००।-	१०,१७५।-	१०,७८५।-	११,४३०।-	१,१२०।-
हिमाली एप्पल ब्राण्डी	३७५	९६००।-	१०,१७५।-	१०,७८५।-	११,४३०।-	५६०।-
हिमाली एप्पल ब्राण्डी	१८०	९६००।-	१०,१७५।-	१०,७८५।-	११,४३०।-	२८०।-
हिमाली एप्पल ब्राण्डी	७५०	१०,०००।-	१०,६००।-	११,२३५।-	११,९००।-	११६०।-

कतारमा रोजगार

कम्पनी : **FOURTH DIMENSION BUILDING MATERIALS TRADING QATAR**

पूर्व स्वीकृति मिति : २०८३/०८/१० LT. No. 351025 चलानी नं. ६०२६४००९

सि. नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	मासिक तलब QR	मासिक तलब ने.रु.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1	Insulation	3	0	1200	४८,६६१	श्र.नि. अनुसार	८ घण्टा	६ दिन	श्र.नि. अनुसार	छ		२ वर्ष
2	Administration	9	0	3500	१,४१,९३३							
3	Driller	12	0	1400	५६,७७३							
4	Supervisor - DGCC	2	0	3000	१,२१,६५६							
5	Labourer / Helpers	2	0	1000	४०,५५२							

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८३ मंसिर १८ गते (5th Dec. 2026) मा हुनेछ ।

रहदेशमा बसिरहे फि मेडिकल खर्च गरेको भर्ने र गरी ल्याउने	रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने	रहदेशमा बसिरहे बिमा खर्च गरेको व्यहोर्नु र गरी ल्याउने	रोजगारका बिमा हुने/नहुने र गरेको व्यहोर्ने	हवाई टिकट गरेको दिने र गरी ल्याउने	भिसा शुल्क गरेको दिने र गरी ल्याउने	सामाजिक सुरक्षा कोष गरेको दिने र गरी ल्याउने (सरकारबाट)	कल्याणकारी कोष सम्बन्धि व्यवस्था:	सेवा शुल्कमा	अनिवार्यकिरण शुल्क फिर्ता ल्याउने र गरेको व्यहोर्ने	भिसा रद्दीएमा शुल्क फिर्ता ल्याउने
कामदार आफै	दिने	कामदार आफैले	हुने: रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रु २५९ - कामदारले तिर्ने	रु १,२०० - कामदार आफैले	निःशुल्क	रु ७०० - कामदार आफैले	रोजगारदाता कम्पनीले

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू बसिरहेको पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कमैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण पा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफूसंग राख्नुहोला । ६) कामका विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग तहतालका सम्पर्क राख्नुहोला ।

World View International Human Resures (Pvt.) Ltd.
Govt. License 962/067/068
Anandnagar Dhuumbarahi-4, Kathmandu, NepalTelephone: + 977-01-4435445, 4437446,
E-mail : worldview.internationalhr@gmail.com, URL : www.worldview.com

साउदीमा रोजगार

कम्पनी : **HEAVY COFFEE CAFÉ ESTABLISHMENT FOR SERVING BEVERAGES**

पूर्व स्वीकृति मिति : २०८३/०८/१५ LT. No. 350936 चलानी नं. ६०२६४०३८

सि. नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	मासिक तलब SR	मासिक तलब ने.रु.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1	Food and Beverage Counter Worker	1	0	1500	५९,०९६	श्र.नि. अनुसार	८ घण्टा	६ दिन	श्र.नि. अनुसार	छ		२ वर्ष

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८३ मंसिर १४ गते (5th Dec. 2026) मा हुनेछ ।

रहदेशमा बसिरहे फि मेडिकल खर्च गरेको भर्ने र गरी ल्याउने	रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने	रहदेशमा बसिरहे बिमा खर्च गरेको व्यहोर्नु र गरी ल्याउने	रोजगारका बिमा हुने/नहुने र गरेको व्यहोर्ने	हवाई टिकट गरेको दिने र गरी ल्याउने	भिसा शुल्क गरेको दिने र गरी ल्याउने	सामाजिक सुरक्षा कोष गरेको दिने र गरी ल्याउने (सरकारबाट)	कल्याणकारी कोष सम्बन्धि व्यवस्था:	सेवा शुल्कमा	अनिवार्यकिरण शुल्क फिर्ता ल्याउने र गरेको व्यहोर्ने	भिसा रद्दीएमा शुल्क फिर्ता ल्याउने
कामदार आफै	दिने	कामदार आफैले	हुने: रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रु २५९ - कामदारले तिर्ने	रु १,२०० - कामदार आफैले	निःशुल्क	रु ७०० - कामदार आफैले	रोजगारदाता कम्पनीले

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू बसिरहेको पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कमैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण पा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफूसंग राख्नुहोला । ६) कामका विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग तहतालमा सम्पर्क राख्नुहोला ।

Al Kausar Human Resource Pvt.Ltd. (Makawanpur Overseas Pvt. Ltd.)
श्रम इजाजत नं.११४८/०७३/०७४
Basundhara, Kathmandu, Nepal, Contact No. 9813048931 (Mazid) , E-mail : alkausar.hrm@gmail.com

कतारमा रोजगार

कम्पनी : **FALCON GOLDEN FOR LAUNDRY**

पूर्व स्वीकृति मिति : २०८३/०८/११ LT. No. 351053 चलानी नं. ६०२६४०२६

सि. नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	मासिक तलब QR	मासिक तलब ने.रु.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1	Washing Labour	3	0	1700	६८,९३८	श्र.नि. अनुसार	८ घण्टा	६ दिन	श्र.नि. अनुसार	छ		२ वर्ष

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८३ मंसिर १४ गते (5th Dec. 2026) मा हुनेछ ।

रहदेशमा बसिरहे फि मेडिकल खर्च गरेको भर्ने र गरी ल्याउने	रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने	रहदेशमा बसिरहे बिमा खर्च गरेको व्यहोर्नु र गरी ल्याउने	रोजगारका बिमा हुने/नहुने र गरेको व्यहोर्ने	हवाई टिकट गरेको दिने र गरी ल्याउने	भिसा शुल्क गरेको दिने र गरी ल्याउने	सामाजिक सुरक्षा कोष गरेको दिने र गरी ल्याउने (सरकारबाट)	कल्याणकारी कोष सम्बन्धि व्यवस्था:	सेवा शुल्कमा	अनिवार्यकिरण शुल्क फिर्ता ल्याउने र गरेको व्यहोर्ने	भिसा रद्दीएमा शुल्क फिर्ता ल्याउने
कामदार आफै	दिने	कामदार आफैले	हुने: रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रु २५९ - कामदारले तिर्ने	रु १,२०० - कामदार आफैले	निःशुल्क	रु ७०० - कामदार आफैले	रोजगारदाता कम्पनीले

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू बसिरहेको पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कमैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण पा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफूसंग राख्नुहोला । ६) कामका विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग तहतालमा सम्पर्क राख्नुहोला ।

ASLIYA MANPOWER SUPPLY PVT. LTD.
श्रम इजाजत नं. ९६९९ / ०८० / ०८१
Kathmandu Metropolitian City-9, Gairigaun, Bagmati Province, Phone No. 9843148012, 9707934456

कतारमा रोजगार

कम्पनी : **RAWABI HYPER MARKET**

पूर्व स्वीकृति मिति : २०८३/०७/१५ पुन विज्ञापन स्वीकृति मिति : २०८३/०८/११ LT. No. 347366 चलानी नं. ६०२६०७००

सि. नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	मासिक तलब QR	मासिक तलब ने.रु.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1	Service Agents	3	0	2000	६१,९०८	श्र.नि. अनुसार	८ घण्टा	६ दिन	श्र.नि. अनुसार	छ		२ वर्ष
2	Customer Service Agent	6	0	2000	६१,९०८							
3	Collector	7	0	2000	६१,९०८							

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८३ मंसिर २० गते (6th Dec. 2026) मा हुनेछ ।

रहदेशमा बसिरहे फि मेडिकल खर्च गरेको भर्ने र गरी ल्याउने	रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने	रहदेशमा बसिरहे बिमा खर्च गरेको व्यहोर्नु र गरी ल्याउने	रोजगारका बिमा हुने/नहुने र गरेको व्यहोर्ने	हवाई टिकट गरेको दिने र गरी ल्याउने	भिसा शुल्क गरेको दिने र गरी ल्याउने	सामाजिक सुरक्षा कोष गरेको दिने र गरी ल्याउने (सरकारबाट)	कल्याणकारी कोष सम्बन्धि व्यवस्था:	सेवा शुल्कमा	अनिवार्यकिरण शुल्क फिर्ता ल्याउने र गरेको व्यहोर्ने	भिसा रद्दीएमा शुल्क फिर्ता ल्याउने
कामदार आफै	दिने	कामदार आफैले	हुने: रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रु २५९ - कामदारले तिर्ने	रु १,२०० - कामदार आफैले	निःशुल्क	रु ७०० - कामदार आफैले	रोजगारदाता कम्पनीले

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू बसिरहेको पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कमैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण पा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफूसंग राख्नुहोला । ६) कामका विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग तहतालमा सम्पर्क राख्नुहोला ।

Sunlight Overseas Recruiting Manpower Pvt.Ltd
Sinamangal - 9 panchkumari mandir, Kathmandu, Nepal, Tel: +977 01 4533357, Mob: 9819803981, 9818958025
E-mail : info@sunlightmanpower.com, Web: www.sunlightmanpower.com

साउदीमा रोजगार

कम्पनी : **ANAMEL ALSOROUR GENERAL CONTRACTING ESTABLISHMENT**

पूर्व स्वीकृति मिति : २०८३/०८/१० LT. No. 350977 चलानी नं. ६०२६४०२७

सि. नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	मासिक तलब SR	मासिक तलब ने.रु.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1	FACTOR LOADING UNLOADING	1	0	1000	३९,३९७	श्र.नि. अनुसार	८ घण्टा	६ दिन	श्र.नि. अनुसार	छ		२ वर्ष

कम्पनी : ALFATTOUH AGRICULTURAL PRODUCTION FARM

पूर्व स्वीकृति मिति : २०८३/०८/१० LT. No. 350978 चलानी नं. ६०२६४०२८

| सि. नं. | कामदारको पद | माग संख्या पुरु

'निर्वाचनसम्बन्धी अनुसन्धान र प्रमाणमा आधारित नीति निर्माणमा ध्यान आवश्यक'

ललितपुर– पूर्वप्रमुख निर्वाचन आयुक्त भोजराज पोखरेलले निर्वाचनसम्बन्धी अनुसन्धान र प्रमाणमा आधारित नीति निर्माणमा ध्यान दिनुपर्ने आवश्यकता रहेको बताएका छन् ।

निर्वाचन आयोगद्वारा शुक्रबार ललितपुरमा आयोजित आयोगको चौथो पञ्चवर्षीय रणनीतिक योजनाको मध्यावधि मूल्यांकनका लागि सरोकारवालासँगको परामर्श बैठकमा निर्वाचन पद्धति र प्रणालीमा गर्नुपर्ने सुधारका विषयमा प्रस्तुतीकरण गर्दै पूर्वप्रमुख निर्वाचन आयुक्त पोखरेलले अबको निर्वाचन रणनीतिक योजना तर्जुमा गर्दा निर्वाचन व्यवस्थापन प्रणालीलाई विकेन्द्रीकरण गर्ने, बदर मत घटाउने, भूगोलअनुसार मतदाताका र जनसंख्याबीचको असमानता हटाउनेतिर ध्यान दिनुपर्नेमा जोड दिए ।

'नेपालको निर्वाचन व्यवस्थापनलाई अझ विश्वसनीय, पारदर्शी र अन्तर्राष्ट्रियस्तरको बनाउन विद्यमान प्रणालीमा व्यापक सुधार आवश्यक छ। अन्तर्राष्ट्रिय निर्वाचनसम्बन्धी सूचकमा नेपाल तुलनात्मकरूपमा राम्रो अवस्थामा देखिए पनि सुधार गर्नुपर्ने थुप्रै पक्ष छन् । विशेषगरी विदेशमा रहेका नेपाली तथा आफ्नो निर्वाचन क्षेत्रभन्दा बाहिर रहेका मतदातालाई मतदानको अधिकार सुनिश्चित गर्ने, निर्वाचन प्रक्रियालाई 'डिजिटलाइजेसन' गर्ने, निर्वाचन खर्चलाई पारदर्शी बनाउने र राजनीतिक दलहरूलाई सुशासन तथा जवाफदेहिताको बाटोमा अघि बढाउने विषयलाई प्राथमिकतामा राख्नुपर्छ,' पूर्वप्रमुख निर्वाचन आयुक्त पोखरेलले भने ।

निर्वाचन प्रक्रियामा प्रविधिको प्रयोग गर्दा साइबर सुरक्षा, मतदाताको गोपनीयता, डिजिटल पहुँच र डिजिटल साक्षरताजस्ता विषयलाई उत्तिकै ध्यान दिन आवश्यक रहेकामा उनले जोड दिए ।

'प्रविधि भित्रचाउनेमात्र नभई त्यसलाई सुरक्षित र प्रभावकारीरूपमा सञ्चालन गर्नसक्ने संस्थागत क्षमता पनि विकास गर्नुपर्छ । निर्वाचनमा हुने खर्चको स्रोत पहिचान, चन्दादाताको पारदर्शिता, उम्मेदवार तथा राजनीतिक दलको आम्दानी र खर्चको प्रभावकारी अनुगमन तथा तेस्रो पक्षबाट हुने निर्वाचन खर्चलाई नियमन गर्ने व्यवस्था आवश्यक छ,' पूर्वप्रमुख निर्वाचन आयुक्त पोखरेलले भने ।

निर्वाचनलाई स्वच्छ र निष्पक्ष बनाउन राजनीतिक दलहरूको आन्तरिक लोकतन्त्र, उम्मेदवार छनोट प्रक्रिया, समावेशी प्रतिनिधित्व र जवाफदेहिता पनि सुधार गर्नुपर्ने उल्लेख गर्दै उनले निर्वाचन आचारसंहिताको प्रभावकारी कार्यान्वयन, दलहरूबीच स्वेच्छिक आचारसंहिताको अभ्यास तथा आवश्यकताअनुसार कानुनी र संस्थागत संयन्त्रको विकासमा ध्यान दिनुपर्ने बताए ।

'निर्वाचनमा कृत्रिम बुद्धिमत्ता (एआई), सामाजिक सञ्जाल र डिजिटल माध्यमबाट फैलिने गलत सूचना तथा भ्रामक प्रचारलाई नियन्त्रण गर्नु पनि अहिलेको महत्त्वपूर्ण चुनौती हो,' पूर्वप्रमुख निर्वाचन आयुक्त पोखरेलले भने । उनले निर्वाचन व्यवस्थापनलाई क्रमशः विकेन्द्रीकरण गर्दै स्थानीय तह, समुदाय र स्थानीय जनशक्तिको सहभागिता बढाउन सकिने बताए ।

'मतदाता नामावली संकलन, निर्वाचन शिक्षा, मतदानस्थल व्यवस्थापन र कर्मचारी परिचालनजस्ता काम स्थानीयस्तरबाटै प्रभावकारीरूपमा गर्न सकिने सम्भावना छ । यसले निर्वाचनको खर्च घटाउनुका साथै व्यवस्थापनलाई सहज र प्रभावकारी बनाउन सक्छ । यी सबै विषयलाई एकैपटक कार्यान्वयन गर्न सम्भव नहुन सक्छ, त्यसैले प्राथमिकता निर्धारण गर्दै परीक्षण, अनुभव र सुधारका आधारमा चरणबद्ध रूपमा अघि बढ्नुपर्छ । आगामी रणनीतिक योजनाले यस्ता सुधारका लागि आवश्यक नीतिगत तथा संस्थागत आधार तयार गर्नुपर्छ,' पूर्वप्रमुख निर्वाचन आयुक्त पोखरेलले भने ।

निर्वाचन आयोगका प्रशासन महाशाखा प्रमुख एवं सहसचिव नारायणप्रसाद भट्टराईले प्रस्तुत गरेको प्रगति विवरणअनुसार आयोगको चौथो पञ्चवर्षीय रणनीतिक योजनाको कार्यान्वयन अपेक्षाअनुसार हुन नसकेको पाइएको छ। उनले प्रस्तुत गरेको आर्थिक वर्ष २०८१/८२ देखि २०८५/८६ सम्मका लागि तयार गरिएको रणनीतिक योजनाको पहिलो दुई वर्षको मध्यावधि मूल्यांकनमा हालसम्म २४ प्रतिशत क्रियाकलापमात्रै पूर्णरूपमा कार्यान्वयन भएको देखिएको छ । कूल १४६ क्रियाकलापमध्ये २४ प्रतिशत पूर्ण, ४२ प्रतिशत आंशिक र ३४ प्रतिशत कार्यान्वयन हुन बाँकी रहेको जानकारी दिइएको छ ।

महाशाखा प्रमुख भट्टराईका अनुसार पहिलो दुई वर्षभित्र सम्पन्न गर्ने लक्ष्य राखिएका ३५ क्रियाकलापमध्ये नौवटा पूर्ण कार्यान्वयन भएका छन् भने १६ वटा आंशिकरूपमा कार्यान्वयन भएका छन् । बाँकी १० वटा क्रियाकलाप कार्यान्वयन हुन सकेका छैनन् । यसअनुसार पहिलो दुई वर्षका लागि निर्धारित क्रियाकलापमध्ये करिब २६ प्रतिशत पूर्ण, ४६ प्रतिशत आंशिक र २९ प्रतिशत कार्यान्वयन नभएको अवस्था छ । सहसचिव भट्टराईले दोस्रो वर्ष आकस्मिकरूपमा प्रतिनिधिसभा सदस्य निर्वाचन घोषणा भएपछि आयोगको प्राथमिकता निर्वाचन सञ्चालनतर्फ केन्द्रित हुँदा रणनीतिक योजनाको कार्यान्वयन प्रभावित भएको जानकारी गराए । बजेट अभाव, कानुन निर्माणमा ढिलाइ र स्रोतसाधनको कमीले पनि योजनाको प्रगतिमा असर पारेको उनको भनाइ छ ।

आयोगको चौथो रणनीतिक योजना स्वच्छ, स्वतन्त्र, निष्पक्ष, समावेशी र विश्वसनीय निर्वाचनमार्फत लोकतन्त्रको सुदृढीकरण गर्ने दीर्घकालीन सोचसहित तयार गरिएको हो । योजनामा पाँचवटा रणनीतिक स्तम्भ, ३० वटा कार्यनीति र १४६ वटा प्रमुख क्रियाकलाप समावेश छन् । पाँच वर्षका लागि करिब २५ अर्ब ५० करोड रूपैयाँ आवश्यक पर्ने अनुमान गरिएको छ । योजनाका पाँच रणनीतिक स्तम्भमा संस्थागत सुदृढीकरण, राजनीतिक दलको नियमन तथा व्यवस्थापन, मतदाता नामावली तथा निर्वाचन शिक्षा, प्रविधियुक्त निर्वाचन व्यवस्थापन र अन्तरनिकाय समन्वय तथा साझेदारी रहेका छन् ।

सहसचिव भट्टराईका अनुसार पाँच रणनीतिक स्तम्भमध्ये राजनीतिक दलको व्यवस्थापन तथा नियमनसम्बन्धी रणनीतिको कार्यान्वयन सबैभन्दा कमजोर देखिएको छ । राजनीतिक दलको दर्ता तथा अद्यावधिक प्रक्रियालाई प्रविधिमैत्री बनाउने, दललाई राज्यबाट वित्तीय सहयोग गर्ने सम्भाव्यता अध्ययन गर्ने तथा दलको व्यवस्थापन परीक्षण र स्वमूल्यांकन गर्ने विषयमा अपेक्षित प्रगति हुन सकेको छैन । यद्यपि राजनीतिक दलसँग नियमित बैठक तथा समन्वय, दलहरूको लेखापरीक्षण प्रतिवेदन प्राप्ति र निर्वाचन आयव्यय विवरणसम्बन्धी व्यवस्थामा सकारात्मक प्रगति भएको उनले जानकारी गराए ।

आयोगले मतदाता नामावलीतर्फ अनलाइन दर्ता सुविधा, राष्ट्रिय परिचयपत्रसँग मतदाता विवरणको तादात्म्यता र सूचना प्रणालीको स्तरोन्नतिमा काम भइरहेको जानकारी गराउँदै सहसचिव भट्टराईले विदेशमा रहेका नेपाली नागरिकको मतदान अधिकार सुनिश्चित गर्ने विषय अझै कानुनी तथा छलफलको चरणमा रहेको जानकारी दिए । निर्वाचनमा चारदेखि पाँच प्रतिशतसम्म मत बदर हुनु पनि प्रमुख चुनौतीका रूपमा रहेको उल्लेख गर्दै उनले प्रविधियुक्त निर्वाचन व्यवस्थापनअन्तर्गत भू-सूचना प्रणालीमार्फत देशभरका मतदान केन्द्रको अवस्थिति अद्यावधिक गरिएको जानकारी गराइएको छ । *रासस*

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालय

हक दावी गर्न आउने बारेको ३५ (पैतिस) दिने सूचना

प्रकाशित मिति : २०८३/०८/१२

यस कार्यालयमा मिति २०७५/१२/१७ मा दर्ता भएको **होटल हेड्वा नेपाल प्राइभेट लिमिटेड (प्रा.लि. नं. २११९७३)** नामक कम्पनीले दर्ता खारेज गरी पाऊँ भनी यस कार्यालयमा निवेदन पेश गरेको हुंदा उक्त कम्पनीले कसैसंग ऋण लिएको वा सो कम्पनीले कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हक दावीको लागि **३५ (पैतिस) दिन**भित्र यस कार्यालयमा **हक दावी** गर्न आउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । तोकिएको म्यादभित्र हक दावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालय

हक दावी गर्न आउने बारेको ३५ (पैतिस) दिने सूचना

यस कार्यालयमा मिति २०६७/०८/१२ मा दर्ता भएको **एन.पी.एस. ईन्टरनेशनल सप्लायर्स प्राइभेट लिमिटेड (प्रा.लि. नं. ७७९१०)** नामक कम्पनीले दर्ता खारेज गरी पाऊँ भनी यस कार्यालयमा निवेदन पेश गरेको हुंदा उक्त कम्पनीले कसैसंग ऋण लिएको वा सो कम्पनीले कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हक दावीको लागि **३५ (पैतिस) दिन**भित्र यस कार्यालयमा **दावी** गर्न आउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । तोकिएको म्यादभित्र हक दावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ ।

कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति : २०८३/०८/१२ गते

यस कम्पनीको मिति २०८३/०७/०८ मा सम्पन्न भएको विशेष साधारण सभाद्वारा यस **रेडफाएन रियल स्टेट प्रा.लि.**को नाम परिवर्तन गरी **रेडफिन रियल स्टेट प्रा.लि.(दर्ता नम्बर ४००१९८)** कम्पनी रजिष्ट्रारको कार्यालयबाट मिति २०८३/०७/१८ गतेको निर्णय अनुसार स्वीकृति प्रदान गरिएको छ । साथै साविकको नाममा रहेको चल अचल सम्पत्ति तथा तिर्नु पर्ने दायित्व यसै कम्पनीले सकार्ने व्यहोर्ने सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको

कम्पनीको दर्ता खारेज गरिएको सूचना

यस कार्यालयमा मिति २०६३/१२/०२ मा दर्ता भएको प्रा.लि.नं. ४४७३४ को **अल्ट्रा टेक सेन्टर प्राइभेट लिमिटेड** नामक कम्पनी यस कार्यालयको मिति २०८३/०८/११ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १३६ (१) बमोजिम दर्ता खारेज गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको

कम्पनीको दर्ता खारेज गरिएको सूचना

यस कार्यालयमा मिति २०७४/१०/२१ मा दर्ता भएको प्रा.लि.नं. १८३१०९ को **अदान रिक्रुटमेन्ट सर्भिसेज प्राइभेट लिमिटेड** नामक कम्पनी यस कार्यालयको मिति २०८३/०८/११ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १३६ (१) बमोजिम दर्ता खारेज गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालय

विशेष दर्ता खारेजी सम्बन्धी ३० दिने सूचना

यस कार्यालयमा मिति २०७५/०९/१५ मा दर्ता भएको **प्रा. लि. नं. २०५४७१**को **सुत्र सोलुसन** नामक कम्पनीले दफा १३६ क अनुसार विशेष दर्ता खारेजीमा कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीले कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हकदावीको लागि ३० दिनभित्र यस कार्यालयमा दावी गर्न आउनु हुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ । तोकिएको म्यादभित्र हकदावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ ।

टीकापुर साना शहरी खानेपानी
उपभोक्ता तथा सरसफाई संस्था
टीकापुर कैलाली

बोलपत्र रद्ध गरिएको सूचना

प्रकाशित मिति- २०८३/०८/१२

यस टीकापुर साना शहरी खानेपानी उपभोक्ता तथा सरसफाई संस्थाको आर्थिक वर्ष २०८३/८४ को लागि आवश्यक सामाग्री आपूर्ति गर्न २०८३ असोज २८ गते प्रभाव राष्ट्रिय दैनिकमा प्रकाशित बोलपत्र आह्वान सम्बन्धी सूचना अनुसार हाललाई सो बोलपत्र प्रक्रिया रद्ध गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ ।

Local Government

Indrawati Rural Municipality

Office of Rural Municipal Executive

Nawalpur, Sindhupalchok

Bagmati Province, Nepal

Invitation for Bid

Date of Publication: 2083/08/12

1. Indrawati Rural Municipality, Office of Rural Municipal Executive, Nawalpur, Sindhupalchok, Bagmati Province, Nepal invites open competitive biddings for eligible bidders for following Works under NCB ans SQ Procedures. For Detail of works please visit www.bolpatra.gov.np.

S.N.	Contract No.	Name of Work	Estimated Amount without VAT & Contingency (NRs.)	AACT of the best 3 years within the last 10 years (NRs.)	Minimum Work Experience of Similar Size and Nature (in Millions)	Bid Security Amount (NRs.)	Bid Validity Period
1	IRMSI/W/NCB/ 083/084/34	Construction Works of Koiralatar–Baghkhor–Basantapur–pokhare Sadak, Indrawati-5, 6 & 7, Sindhupalchok	-	64.79 Millions	One Road Construction of Value NRs. 17.28 Millions	11,00,000.00	(90+30) days from deadline for submission of Bids
2	IRMSI/W/NCB/ 083/084/35	Upgrading Works of Gahate Ukhubari Sadak, Indrawati-8, Sindhupalchok	47,00,798.42			1,20,000.00	
3	IRMSI/W/NCB/ 083/084/36	Finishing Works of Indrawati ward no-5 Office Building, Sachchai Bhawan compound wall and Swastha Sewa Kendra Purbadhar Nirman and, Indrawati-5 Sindhupalchok	19,64,827.02			55,000.00	
4	IRMSI/W/NCB/ 083/084/37	Construction works at Gedung Ghyang Gumba Indrawati 9, Sindhupalchowk	17,94,210.25			50,000.00	

S.N.	Contract No.	Name of Work	Estimated Amount without VAT & Contingency (NRs.)	Date and time of Submission	Date and time of opening	Bid Security Amount (NRs.)	Bid Validity Period
1	IRMSI/W/SQ/ 083/084/01	Ward Office Awashyak purbadhar Nirman at Indrawati Ward No 10, Sindhupalchok	10,23,132.65	2083-08-22 at 12:00 Hours	2083-08-22 at 1:00 Hours	30,000.00	(45+30) days from deadline for submission of Bids
2	IRMSI/W/SQ/ 083/084/02	Vertical Extension of Ward Office Indrawati 12, Sindhupalchok	10,25,594.30			30,000.00	
3	IRMSI/GOODS/ SQ/083/084/01	Supplying and Installation of Smart Board and Digital Notice Board at Indrawati Rural Municipality				50,000.00	

2. Date of Purchasing, Pre-bid meeting, Submission and Opening of Bids for NCB.

Pre Bid Meeting	Last Date of Submission of Bids	Date of Opening of Bids	Employer's Bank Account for to Deposit Cash for the Bid Security
December 11, 2026 (2083/08/25) at 14:00 hours at Office	On or Before December 22, 2026 (2083/09/07) 12:00 hours	On or Before December 22, 2026 (2083/09/07) 13:00 hours	Name of the Bank: Nepal Investment Mega Bank Ltd. Office Code no. : 80327501300 Office Account no.(Dharauti): 17301400000055

3. If the Last date of purchasing , Submission and Opening fails on a government holiday then the next working day shall considered at the last day. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
4. The Purchaser reserves the right to accept or reject wholly or partially any or all the procurement of works without assigning any reason, whatsoever. Other procurement process remains as per rule of PPPR, PPA and PPR.

Chief Administrative Officer

जनकपुरधाम–अयोध्या रेलले जोड्दै आस्था र संस्कृति

राजु विश्वकर्मा/जनकपुरधाम



तायुगीन रामायणकालीन सभ्यतासँग जोडिएका दुई ऐतिहासिक धार्मिक नगरी जनकपुरधाम र अयोध्याबीच अब रेलमार्गबाट प्रत्यक्ष सम्पर्क स्थापित भएको छ । माता सीताको जन्मभूमि जनकपुरधाम र भगवान् रामको जन्मभूमि अयोध्यालाई जोड्ने रेल सेवाले नेपाल-भारतबीच सदियौंदेखि कायम धार्मिक, सांस्कृतिक तथा भावनात्मक सम्बन्धलाई नयाँ उचाइमा पुऱ्याउने जनकपुरधामवासीको अपेक्षा छ ।

रामायणमा वर्णित राम-सीताको प्रेम, आदर्श, त्याग र समर्पणसँग जोडिएका यी दुई ऐतिहासिक सहरबीच रेल सेवा सञ्चालन हुनुलाई सामान्य यातायात सुविधाका रूपमामात्र हेरिएको छैन । यसलाई दुई देशको साझा धार्मिक सभ्यता, सांस्कृतिक विरासत र जनस्तरको आत्मीय सम्बन्धलाई थप मजबुत बनाउने महत्त्वपूर्ण माध्यमका रूपमा लिन सकिन्छ । रेल सेवाले दुवै देशका श्रद्धालु तथा पर्यटकलाई सहज आवागमनको अवसर प्रदान गर्नुका साथै धार्मिक पर्यटन, स्थानीय व्यापार र आर्थिक गतिविधिमा नयाँ सम्भावनाको ढोका खोल्ने विश्वास गरिएको छ ।

जनकपुरधाम र अयोध्या धार्मिक आस्थाका दृष्टिले नेपाल र भारतका महत्त्वपूर्ण तीर्थस्थल हुन् । जनकपुरधामलाई माता सीताको जन्मभूमि र अयोध्यालाई भगवान् रामको जन्मभूमिका रूपमा श्रद्धापूर्वक स्मरण गरिन्छ । यी दुई सहरबीचको सम्बन्ध धार्मिक ग्रन्थ, परम्परा र सांस्कृतिक मान्यतामामात्र सीमित छैन, दुवै देशका नागरिकको भावनासँग पनि गहिरोसँग जोडिएको छ । अब रेलमार्गबाट प्रत्यक्ष जोडिएपछि रामायणकालीन धार्मिकस्थलको दर्शन गर्न चाहने श्रद्धालुका लागि यात्रा थप सहज हुने भएको छ ।

प्रधानमन्त्री वालेन्द्र शाहको भारत भ्रमणका क्रममा गत मंसिर ७ गते नेपाल र भारतका प्रधानमन्त्रीले संयुक्तरूपमा हरियो झण्डा देखाएर उक्त रेल सेवाको शुभारम्भ गरेका थिए । जनकपुरधाम र अयोध्याबीच धार्मिक यात्रा सहज बनाउने उद्देश्यसहित सुरु गरिएको सरयू-कमला एक्सप्रेस रेल सेवा यही शनिवारदेखि व्यावसायिक रूपमा सञ्चालनमा आउने तयारीमा छ ।

उद्घाटन भएको एक साताभित्रै रेलसेवा व्यावसायिकरूपमा सञ्चालन गर्ने तयारी अन्तिम चरणमा पुगेको नेपाल रेल्वे कम्पनी लिमिटेडका प्रवन्ध सञ्चालक परिवेश पराजुलीले जानकारी दिए । उनका अनुसार अयोध्याबाट शनिवार बिहान जनकपुरधाम आइपुग्ने रेलको व्यावसायिक सञ्चालनका लागि टिकट बुकिङ खुला गर्ने तयारी भइरहेको छ । टिकटको भाडादर निर्धारण गर्ने विषयमा छलफल भइरहेको र केही प्राविधिक काम बाँकी रहे पनि जनकपुरधाम रेल्वे स्टेसनबाटै टिकट खरिद गर्न सकिने व्यवस्था मिलाउन लागिएको उनले बताए ।

अनलाइनबाट टिकट लिन चाहने यात्रुले भारतकै टिकट प्रणालीमार्फत टिकट बुक गर्न सक्ने छन् भने नेपालबाटै टिकट लिन चाहने यात्रुले जनकपुरधाम रेल्वे स्टेसनमा पुगेर टिकट खरिद गर्न सक्ने छन् । यस व्यवस्थाले नेपाली यात्रुलाई टिकट प्राप्त गर्न सहज हुने विश्वास गरिएको प्रबन्ध सञ्चालक पराजुलीको विश्वास छ । उनका अनुसार रेलमा यात्रा गर्न नेपाली नागरिकले नेपाल सरकारबाट जारी गरिएका परिचयपत्रमध्ये कुनै एक अनिवार्यरूपमा

> जनकपुरधाम र अयोध्या रामायणसँग सम्बन्धित दुई महत्त्वपूर्ण धार्मिक केन्द्र हुन् । यी दुई सहरबीच प्रत्यक्ष रेल सम्पर्क स्थापित हुँदा रामायण सर्किटको अवधारणालाई थप प्रभावकारी बनाउन सहयोग पुग्ने अपेक्षा गरिएको छ । जनकपुरधाममा विवाहपञ्चमी, रामनवमी, जानकी नवमी तथा अन्य धार्मिक पर्वका अवसरमा भारतका विभिन्न स्थानबाट ठूलो संख्यामा श्रद्धालु आउने गरेका छन् । अयोध्यामा पनि विभिन्न धार्मिक तथा सांस्कृतिक गतिविधिका अवसरमा स्वदेशी तथा विदेशी पर्यटकको आवागमन हुने गरेको छ ।

प्रस्तुत गर्नुपर्ने छ । यात्रुले नेपाली नागरिकता, राहदानी वा मतदाता परिचयपत्रका आधारमा टिकट लिनसक्ने व्यवस्था गरिएको छ ।

जनकपुरधाम-अयोध्या रेलमा कूल १७ वटा डिब्बा रहने छन् । जसमा वातानुकूलित द्वितीय श्रेणीका दुई, वातानुकूलित तृतीय श्रेणीका तीन, तृतीय इकोनोमी श्रेणीका तीन, शयनयान श्रेणीका सात र एसएलआरका दुई डिब्बा समावेश छन् । विभिन्न श्रेणीका डिब्बा समावेश गरिएकाले यात्रुले आफ्नो आवश्यकता र सुविधाअनुसार यात्रा गर्न सक्ने छन् ।

निर्धारित समयतालिकाअनुसार प्रत्येक शनिवार जनकपुरधामबाट अयोध्याका लागि रेल प्रस्थान गर्ने छ भने सोमबार अयोध्याबाट जनकपुरधाम फर्कने छ । साप्ताहिकरूपमा सञ्चालन हुने यस सेवाले विशेषगरी माता सीताको जन्मभूमि जनकपुरधाम र भगवान् रामको जन्मभूमि अयोध्याको दर्शन गर्न चाहने दुवै देशका तीर्थयात्रीलाई सहजता प्रदान गर्ने छ ।

करिब ६०४ किलोमिटर दूरी तय गर्ने रेलले भारतको बिहार तथा उत्तर प्रदेशका विभिन्न प्रमुख सहर हुँदै जनकपुरधामलाई अयोध्यासँग जोड्ने छ । रेलमार्गमा जयनगर, मधुबनी, सीतामढी, रक्सौल, नरकटियागञ्ज, गोरखपुर, बस्ती, मनकापुर र अयोध्याधामलगायत स्थानमा व्यावसायिक बिसौनी रहने प्रबन्ध सञ्चालक पराजुलीले बताए ।

क्रमशः पृष्ठ ५ मा

किरात ऐतिहासिकस्थल साल्पा-सिलिचुङ भौतिकीकरण गर्न मुन्दुमी संरचना निर्माण

केदार मगर/खोटाङ

किरात ऐतिहासिकस्थल साल्पा-सिलिचुङमा मुन्दुमी संरचना निर्माण गरिएको छ । खोटाङ, भोजपुर, संखुवासभा र सोलुखुम्बुको संगमस्थलमा अवस्थित धार्मिक तथा पर्यटकीयस्थल साल्पा-सिचिलुङमा सुम्निमा, पारुहाङ, नाक्छुङ (धामी), नाक्छुङ चरा (कल्चुङा), तीन चुल्हासहितको मुन्दुमी माङथाम, वाबु (चिण्डो)सहितको प्रवेशद्धार र स्वागतद्धारलगायतका मुन्दुमी संरचना निर्माण गरिएको हो ।

देश/विदेशमा रहेका किराती तथा गैरकिरातीबाट संकलन गरिएको करिब दुई करोड ८४ लाख रूपैयाँ रकममध्ये दुई करोड ६२ लाख रूपैयाँमा भौतिक संरचना निर्माण गरिएको आयोजक साल्पा-सिलिचुङ सरोकार संरक्षण तथा प्रवर्द्धन केन्द्र अन्तर्राष्ट्रिय समितिका अध्यक्ष राजेन खिम्बुले राई 'मूलघरे कान्छा'ले जानकारी दिए ।

'साल्पा-सिलिचुङ विश्वभर छरिएर रहेका किरातीहरूको मुन्दुम तथा रिसियामा आउँछ । यसलाई संरक्षण र प्रवर्द्धन गर्दै विश्व सम्पदा सूचीमा सूचीकृत गर्ने उद्देश्य राखिएको छ,' उनले भने, 'किराती मुन्दुमअनुसार साल्पा-सिलिचुङ नै किरातीहरूको सृष्टि र मुन्दुमको उत्पत्ति केन्द्र भएको जनविश्वास छ । मुन्दुमी मिथकलाई भौतिकीकरण गर्न किरात ऐतिहासिकस्थल साल्पा-सिलिचुङ क्षेत्रमा मुन्दुमी संरचना निर्माण गरिएको हो । यसले भावी पुस्तालाई मुन्दुमी ज्ञानको अध्ययन तथा अनुसन्धान गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ ।'

साल्पा-सिलिचुङको चौतर्फी विकासका लागि २०७९ सालमा अन्तर्राष्ट्रिय समिति स्थापना गरी विस्तृत परियोजना प्रतिवेदन (डिपिआर) निर्माण गरेर स्तरोन्नतिको काम सुरु गरिएको थियो । तीन चरणमा सञ्चालन गरिएको अभियानअन्तर्गत पहिलो वर्ष २०८१ साल वैशाख ७ गते सुम्निमा र पारुहाङ तथा नाक्छुङको प्रतिमा स्थापना, दोस्रो वर्ष २०८२ वैशाख १

> प्रचारप्रसारको अभावमा ओझेलमा रहेको धार्मिक एवं पर्यटकीयस्थल साल्पा-सिलिचुङ आसपास निर्माण गरिएका पदमार्गमा पछिल्लो समय होटल तथा होमस्टे (घरबास)हरूसमेत विस्तार हुन थालेका छन् । होटल तथा होमस्टे विस्तार हुन थालेपछि मुन्दुम पदमार्ग हुँदै साल्पा-सिलिचुङ जाने आन्तरिक तथा बाह्य पर्यटकसमेत वृद्धि हुँदै गएको स्थानीय बासिन्दा बताउँछन् ।

गते सुम्निमा र पारुहाङको प्रतिमा तथा साल्पापोखरीमा तीन चुल्हासहितको मुन्दुमी माङथाम र यस वर्ष ३५ फिट अग्लो पित्तलको जोडी वाबुक/सोलोन्वा (चिण्डो), पोखरीभित्र पारुहाङ अन्तरध्यानमा बसेको प्रतिमा तथा नाक्छुङ चरा (कल्चुङा)को प्रतिमा स्थापना गरिएको हो ।

'सृष्टिको उत्पत्ति केन्द्र मुन्दुमको प्राण, साल्पा-सिलिचुङ संरक्षण हाम्रो अभियान' भन्ने नाराका साथ सुरु गरिएको अभियानमा नेपालसहित बेलायत, हङकङ, कोरिया, अमेरिका, अस्ट्रेलिया, जापान, इजरायललगायत विश्वभर छरिरहेका नेपाली जोडिएका छन् । बृहत् योजनासहित सुरु गरिएको अभियानका लागि साउदी अरबमा रहेका भोगिन्द्र चाम्लिङ राईको संयोजकत्वमा आर्थिक संकलन समिति गठन गरिएको थियो ।

समुद्री सतहबाट तीन हजार ४४३ मिटर उचाइमा अवस्थित साल्पा-सिलिचुङ क्षेत्रको चौतर्फी विकास गर्ने उद्देश्यसहित सुरु गरिएको अभियानको अध्ययन



तथा अनुसन्धानका लागि यसअघि अध्ययन तथा अनुसन्धान समितिसमेत निर्माण गरिएको थियो । करिब चार वर्ष सञ्चालन गरिएको अभियानका क्रममा भएका आर्थिक तथा भौतिक प्रगतिका बारेमा यही मंसिर १८ गते काठमाडौंमा बृहत् कार्यक्रम गरी सार्वजनिकीकरण गरिने समितिका अध्यक्ष मूलघरे कान्छाले जानकारी दिएका छन् ।

धार्मिक तथा पर्यटकीयस्थल सिचिलुङबाट सर्वोच्च शिखर सगरमाथा, मकालु, कञ्चनजंघा, कुम्भकर्ण, मेरापिक हिमाललगायत उच्च हिमशृंखला, तराईका फाँट तथा विभिन्न नदी, वनजंगल र किराती बस्ती प्रस्ट देख्न सकिन्छ । साल्पापोखरीबाट उत्तरपूर्वी भेगमा पर्ने सिलिचुङको उचाइ समुद्री सतहदेखि चार हजार १५५ मिटर अग्लो छ । सिलिचुङ आसपासमा रहेका टेम्के, मैयुङ, लौरे, चिलिमढुंगालगायत डाँडामध्ये सबैभन्दा अग्लो डाँडाका रूपमा स्थापित छ । टेम्के समुद्री सतहबाट तीन हजार १६५ मिटर उचाइमा छ भने मैयुङको उचाइ तीन हजार ३३३ मिटर अग्लो छ ।

किरात समुदायको आस्थाको केन्द्र मानिने सिलिचुङको फेदमा अवस्थित साल्पापोखरीमा आन्तरिक तथा बाह्य पर्यटक आफ्नो मनोकांक्षा पूरा हुने जनविश्वासका साथ पूजाआजा गर्दै आएका छन् । साल्पापोखरीमा हरेक वर्ष चारपटक (वैशाख, भदौ, कात्तिक र फागुन महिनाको पूर्णिमामा) मेलासमेत लाग्ने गरेको छ ।

विनामुहान तथा विनानिकासको पानी जमेर बनेको साल्पापोखरीमा लाग्ने मेलामा खोटाङ, भोजपुर, संखुवासभा, धनकुटा, सोलुखुम्बुलगायत विभिन्न जिल्लाबाट भक्तजन पुग्ने गरेका छन् । साल्पापोखरीमा पूजाआजा गर्दा बोली नफुट्नेहरू बोल्न सक्ने, सन्तान नहुनेलाई सन्तान प्राप्ति हुने, धामी तथा झाँक्रीहरूले मुन्दुमी शक्ति प्राप्त गर्नेलगायतका धार्मिक जनविश्वास रहिआएको छ ।

कचौरा आकारमा फैलिएको साल्पापोखरी समुद्री सतहदेखि तीन हजार ६७२ मिटर उचाइमा अवस्थित छ । पहिलोपटक सगरमाथा चढ्ने एडमण्ड हिलारी र तेन्जिङनोर्गे शेर्पाले साल्पापोखरीकै मार्ग प्रयोग गरेको बताइएको छ । नेपाल सरकारले निर्धारण गरेको घुम्नैपर्ने १०० पर्यटकीय गन्तव्यभित्र पर्ने मुन्दुम पदमार्ग यो क्षेत्र (साल्पा-सिलिचुङ)सम्म विस्तार गरिएको छ । मुन्दुम पदमार्गले छोएको स्थानलाई जोड्दै चारवटै जिल्ला (खोटाङ, भोजपुर, संखुवासभा र सोलुखुम्बु)का स्थानीय तहहरूले आ-आफ्नो क्षेत्रमा पदमार्गसमेत निर्माण गरिहेका छन् ।

प्रचारप्रसारको अभावमा ओझेलमा रहेको धार्मिक एवं पर्यटकीयस्थल साल्पा-सिलिचुङ आसपास निर्माण गरिएका पदमार्गमा पछिल्लो समय होटल तथा होमस्टे (घरबास)हरूसमेत विस्तार हुन थालेका छन् । होटल तथा होमस्टे विस्तार हुन थालेपछि मुन्दुम पदमार्ग हुँदै साल्पा-सिलिचुङ जाने आन्तरिक तथा बाह्य पर्यटकसमेत वृद्धि हुँदै गएको स्थानीय बासिन्दा बताउँछन् ।

होटल तथा होमस्टे स्थापना हुनुअघि साल्पा-सिलिचुङ जाने आन्तरिक तथा बाह्य पर्यटक चौरीगोठ तथा भँडीचोकहरूमा बास बस्दै आएका थिए । धार्मिक आस्थाका रूपमामात्र नभई प्राकृतिकरूपमासमेत पर्यटकीय गन्तव्यमा पर्ने साल्पा-सिलिचुङ जाने मुन्दुम पदमार्ग आसपास ठूलठूला घाँसेमैदान, चौरीखर्क, भँडीचोक, घोडचढीलगायतका दृष्य प्रत्यक्ष अवलोकन गर्न पाइन्छ । *रासस*

भोटेकोशी बाढीपीडित बालबालिकालाई मासिक १७ हजार ५०० दिइने

रसुवा– सरकारले भोटेकोशी बाढीबाट प्रभावित बालबालिकाको दीर्घकालीन संरक्षण, हेरचाह तथा स्याहार योजना रसुवाको आमाछोदिङ्मो गाउँपालिका-५ गोल्जुङबेसीबाट सुरु गरेको छ ।

बाढीमा श्रीमान् गुमाएकी २९ वर्षीया सुत्केरी र उनकी नवजात छोरीलाई आर्थिक सहायता प्रदान गर्दै बिहीबारदेखि योजना सुरु भएको हो । महिला, बालबालिका, लैंगिक तथा यौनिक अल्पसंख्यक र सामाजिक सुरक्षामन्त्री सीता वादीले पीडित महिलाको बैंक खातामा पहिलो महिनाको १७ हजार ५०० रूपैयाँ दाखिला गरिन् ।

योजनाअन्तर्गत ती बालिकाले १८ वर्ष उमेर पूरा नगरेसम्म आमासँगै परिवारमा रहेर मासिक १७ हजार ५०० रूपैयाँ सहायता पाउने छिन् । बाढीमा आमाबुवा गुमाएका, अभिभावक बेपत्ता भएका तथा विशेष संरक्षणको आवश्यकता रहेका बालबालिकालाई पनि दीर्घकालीन संरक्षण र भरणपोषणको व्यवस्था गरिने मन्त्री वादीले बताइन् ।

उनले विपद्प्रभावित बालबालिकालाई सहयोग गर्ने नाममा कुनै पनि व्यक्ति वा संस्थाले आफूखुसी अन्यत्र लैजान नपाउने स्पष्ट पारिन् । स्थानीय तहको सिफारिस तथा राष्ट्रिय बालअधिकार परिषद्को समन्वय र सहमतिविना बालबालिकालाई संस्थागत संरक्षणका नाममा बालगृह वा अस्थायी संरक्षण केन्द्रमा लैजान नपाइने उनले बताइन् ।

बालबालिकाको सर्वोत्तम हितलाई केन्द्रमा राखेरमात्रै उद्धार, संरक्षण र पुनःस्थापनाको काम अघि बढाइने उल्लेख गर्दै उनले उनीहरूको शिक्षा, स्वास्थ्य, पोषण, सुरक्षित आवास र मनोसामाजिक अवस्थालाई समेत ध्यान दिएर सरकारले दीर्घकालीन योजना कार्यान्वयन गरिरहेको जानकारी दिइन् ।

राष्ट्रिय बालअधिकार परिषद् र शेष घलेद्वारा सञ्चालित एमआइटिजिएफको सहकार्यमा उच्च जोखिममा रहेका बालबालिका तथा गर्भवती र सुत्केरीलाई लक्षित गरी विशेष सहायता कार्यक्रम सञ्चालन गरिएको हो । मध्यम तथा न्यून जोखिममा रहेका बालबालिकालाई एमआइटिजिएफ, एसओएस चिल्ड्रेन भिलेजलगायत साझेदार संस्थाको सहकार्यमा संरक्षण तथा स्याहार सेवा उपलब्ध गराइने छ ।

परिषद्की सदस्यसचिव शान्तकुमारी भण्डारीको नेतृत्वमा पाँच टोली गत सातादेखि बाढीप्रभावित क्षेत्रमा बालबालिकाको अवस्था पहिचान, मूल्यांकन तथा दीर्घकालीन स्याहार योजना निर्माणमा परिचालित छन् । स्थलगत अध्ययनका क्रममा गोल्जुङबेसीकी सुत्केरी र नवजात शिशुको अवस्था उच्च जोखिमपूर्ण देखिएपछि मन्त्री वादीले रकम प्रदान गरेको हो ।

मन्त्री वादीका अनुसार विभिन्न साझेदार संस्थामार्फत हालसम्म ८१० जना बालबालिकाको दीर्घकालीन स्याहारका लागि सहयोग उपलब्ध गराउने व्यवस्था मिलाइएको छ । जसअनुसार एमआइटिजिएफमार्फत १५०, एसओएस चिल्ड्रेन भिलेजमार्फत ६५० र प्रविना फाउण्डेसनमार्फत १० जना बालबालिकालाई सहयोग गरिने छ ।

मन्त्रालयको बालकोषमा सात करोड रूपैयाँ रहेको र बाढीप्रभावित बालबालिकाको संरक्षण तथा स्याहारका लागि एमआइटिजिएफ र नेपाल सरकारबीच ५८ करोड रूपैयाँबराबरको सम्झौता भइसकेको मन्त्री वादीले बताइन् । *रासस*

विपद् पूर्वसूचना सर्वसाधारणले बुझ्नेगरी सम्प्रेषण गर्नुपर्ने

काठमाडौं (प्रस)– विपद्का सूचनालाई गम्भीरताका आधारमा वर्गीकरण गरी सर्वसाधारणले सहजै बुझ्नेगरी सम्प्रेषण गर्नुपर्नेमा सरोकारवालाले जोड दिएका छन् ।

'रसुवा-भोटेकोशी बाढीलगायतका विपद्मा पूर्वसूचना प्रणाली: अनुभव, सिकाइ र प्राथमिकता' विषयक कार्यशालाका वक्ताहरूले विपद्का बेला प्रभावकारी सूचना सम्प्रेषण, पूर्वसूचनाको विश्वसनीयता र सञ्चारमाध्यमको भूमिकालाई थप सुदृढ बनाउनुपर्नेमा जोड दिएका हुन् । सूचना तथा सञ्चार मन्त्रालयका उपसचिव शिवकुमार पोखेलले विपद्को गम्भीरताका आधारमा सोहीअनुसार पूर्वसूचना जारी गर्नुपर्ने बताए । विपद्का बेला आधिकारिक सूचना सम्प्रेषणका लागि छुट्टै आपत्कालीन सञ्चार टोली गठन गरेर काम गर्नुपर्ने उनको भनाइ छ ।

विपद्का कारण टेलिफोन, विद्युत्, रेडियो तथा टेलिभिजनका टावरसमेत प्रभावित हुनसक्ने भएकाले संकटका बेला आवश्यक पर्ने सञ्चार उपकरण तथा पूर्वाधारको सुरक्षामा ध्यान दिनुपर्ने उनले बताए ।

राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका उपसचिव राजेन्द्र शर्माले रसुवा बाढीका क्रममा तल्लो क्षेत्रका मानिसले सूचना पाए पनि त्यसलाई गम्भीरतापूर्वक नलिँदा मानवीय क्षति हुन पुगेको बताए । जलविज्ञान तथा जलस्रोत केन्द्रका वरिष्ठ जलविज्ञ विनोद पराजुलीले हिमाली क्षेत्रका मौसमी तथा हिमबाढीको अवस्थाबारे जानकारी लिन छिमेकी देश चीनसँग सहकार्य गर्ने विषयमा छलफल भइरहेको जानकारी दिए ।

सप्तरीमा एक हजार मतदाता थपिए

सप्तरी (प्रस)– सप्तरीमा नौ महिनाभित्र एक हजार २६ मतदाता थपिएका छन् । २०८२ फागुन २१ गते सम्पन्न प्रतिनिधिसभा निर्वाचनमा जिल्लामा पुरुष दुई लाख ३३ हजार ९६, महिला दुई लाख १३ हजार २८३ र अन्य २३ मतदाता गरी चार लाख ४६ हजार ४०२ मतदाता रहेकामा पछिल्लो नौ महिनाको अवधिमा मतदाता थपिएपछि चार लाख ४७ हजार ४२८ मतदाता पुगेको जिल्ला निर्वाचन प्रमुख रञ्जित कार्कीले जानकारी दिए ।

उनले भने, 'हाल एक हजार २६ मतदाता थपिएपछि जिल्लामा पुरुष दुई लाख ३४ हजार १६, महिला दुई लाख १३ हजार ३९० तथा अन्य २२ मतदाता छन् । पछिल्लो नौ महिनाको अवधिमा पुरुष मतदाता ९२० र महिला मतदाता १०७ थपिएका छन् ।'

जिल्लाका नौ नगरपालिका र नौ गाउँपालिकामा रहेका मतदाताको संख्या सार्वजनिक गरिएको छ । पालिकागत विवरणअनुसार राजविराज नगरपालिकामा सबैभन्दा बढी ४५ हजार ४६ मतदाता कायम रहेका छन् । कञ्चनरूप नगरपालिकामा ३७ हजार ८६४, सुरुंगा नगरपालिकामा ३२ हजार २३९, हनुमाननगर कंकालिनी नगरपालिकामा ३० हजार ५३१, डाक्नेश्वरी नगरपालिकामा ३० हजार ३९६, बोदेबर्साइन नगरपालिकामा ३० हजार ३०७, शम्भुनाथ नगरपालिकामा २५ हजार ५२, सप्तकोशी नगरपालिकामा १५ हजार ८८८ र खडक नगरपालिकामा ३३ हजार ८४ मतदाता रहेका छन् ।

यसैगरी, अग्निसाइर कृष्णासवरण गाउँपालिकामा २० हजार १२, रूपनी गाउँपालिकामा १९ हजार ७०१, छिन्नमस्ता गाउँपालिकामा १९ हजार ८९६, तिलाठी कोइलाडी गाउँपालिकामा २१ हजार ६३८, महादेवा गाउँपालिकामा १८ हजार ७९१, विष्णुपुर गाउँपालिकामा १६ हजार ६९१, बलानबिहुल गाउँपालिकामा १५ हजार ४७८, तिरहुत गाउँपालिकामा १५ हजार २८६ र राजगढ गाउँपालिकामा १९ हजार ५८४ मतदाता रहेको निर्वाचन प्रमुख कार्कीले जानकारी दिए ।

पृष्ठ १ बाट क्रमश:

जनकपुरधाम–अयोध्या...

ती स्थानबाट यात्रु चढ्न तथा ओर्लन सक्ने व्यवस्था गरिएको छ । यसले जनकपुरधाम र अयोध्यालाई मात्र नभई रेलमार्गमा पर्ने विभिन्न सहरका यात्रुलाई समेत लाभ पुऱ्याउने अपेक्षा गरिएको छ ।

जनकपुरधाम उद्योग वाणिज्य संघका पूर्वअध्यक्ष जितेन्द्र महासेठले जनकपुरधाम-अयोध्या रेल सेवा सञ्चालनले धार्मिक पर्यटन प्रवर्द्धनमा महत्त्वपूर्ण योगदान पुऱ्याउने बताए । उनका अनुसार माता सीताको जन्मभूमि र भगवान् रामको जन्मभूमिबीच प्रत्यक्ष रेल सम्पर्क स्थापित हुनु दुवै देशका श्रद्धालुका लागि ऐतिहासिक अवसर हो । उनले यस सेवाले जनकपुरधामलाई धार्मिक तथा सांस्कृतिक पर्यटनको अन्तर्राष्ट्रिय केन्द्रका रूपमा विकास गर्न सहयोग पुग्ने विश्वास व्यक्त गरे । रामायणसँग जोडिएका धार्मिकस्थलबीच सहज आवागमन हुन थालेपछि भारतका विभिन्न क्षेत्रबाट जनकपुरधाम आउने पर्यटकको संख्या बढ्नसक्ने उनको भनाइ छ । उनले रेल सेवाले धार्मिक पर्यटनसँगै नेपाल-भारतबीच जनस्तरको सम्बन्ध विस्तारमा सहयोग पुऱ्याउने र मधेस प्रदेशको कृषि, उद्योग, व्यापार तथा पर्यटन क्षेत्रमासमेत सकारात्मक प्रभाव पार्ने बताए ।

धार्मिक पर्यटकको आगमन बढेपछि स्थानीय होटल व्यवसायी, यातायात व्यवसायी, खानपान तथा हस्तकला व्यवसायमा आबद्ध समुदायले प्रत्यक्ष लाभ लिन सक्ने उनले उल्लेख गरे । पर्यटकको आवागमनले स्थानीय उत्पादनको बजार विस्तार हुनुका साथै रोजगारीका नयाँ अवसरसमेत सिर्जना हुन सक्ने उनको विश्वास छ । जनकपुरधाम धार्मिक आस्थाको केन्द्रमात्र नभई मिथिला सभ्यता, कला, संस्कृति र परम्पराको विशिष्ट पहिचान बोकेको सहर पनि हो । यहाँको जानकी मन्दिर, राम मन्दिर, विवाहमण्डप, धनुषाधाम, पोखरी तथा विभिन्न धार्मिक सम्पदाले जनकपुरधामको ऐतिहासिक र सांस्कृतिक महत्त्वलाई उजागर गर्दै आएका छन् ।

कानुन व्यवसायी राजकुमार महासेठले जनकपुरधाम-अयोध्या रेल सेवाले दुवै देशका धार्मिक पर्यटकीय गन्तव्यमा पर्यटकको आवागमन बढाउने बताए । उनका अनुसार जनकपुरधामस्थित जानकी मन्दिर, राम मन्दिर, धनुषाधाम, विवाहमण्डप तथा मिथिलाको मौलिक कला, संस्कृति र सम्पदालाई अन्तर्राष्ट्रिय पर्यटन बजारसँग जोड्न रेल सेवाले सहयोग पुऱ्याउने छ । उनले रेल सेवाले भारतसँग नेपालको धार्मिक, सांस्कृतिक तथा आर्थिक सम्बन्धलाई थप उचाइ दिने विश्वास व्यक्त गरे । जनकपुरधाममा आउने पर्यटकलाई धार्मिकस्थलको दर्शनसँगै मिथिलाको कला, संस्कृति, खानपान र परम्परागत जीवनशैलीको अनुभव गराउन सके पर्यटनको सम्भावना अझ विस्तार हुने उनको भनाइ छ ।

मिथिला चित्रकला, लोकगीत, लोकनृत्य, परम्परागत हस्तकला, विवाह संस्कार तथा विभिन्न सांस्कृतिक पर्व जनकपुरधामका महत्त्वपूर्ण पर्यटकीय आकर्षण हुन् । रेलमार्गबाट पर्यटकको आवागमन बढेपछि यी मौलिक सम्पदाको प्रचारप्रसार र बजार विस्तारमासमेत सहयोग पुग्ने अपेक्षा गरिएको उनको कथन छ । धार्मिक पर्यटकको संख्या बढेसँगै जनकपुरधामको होटल तथा आवास व्यवसाय, रेस्टुरेन्ट, यातायात, हस्तकला, स्थानीय उत्पादन र पर्यटन पथप्रदर्शन क्षेत्रमा आर्थिक गतिविधि विस्तार हुने सम्भावना छ । पर्यटकको बसाइ अवधि बढाउन सकिए स्थानीय व्यवसायीले प्रत्यक्ष लाभ लिनसक्ने कानुन व्यवसायी महासेठले बताए ।

रेल सेवाबाट आउने पर्यटकलाई लक्षित गरी धार्मिक भ्रमण प्याकेज, स्थानीय सांस्कृतिक कार्यक्रम, मिथिला भोजन, हस्तकला प्रदर्शनी तथा पर्यटकीय गन्तव्यको भ्रमण व्यवस्था गर्न सकिने छ । यसले पर्यटन व्यवसायलाई व्यवस्थित बनाउनुका साथै स्थानीय युवाका लागि रोजगारीका अवसरसमेत सिर्जना गर्न सक्ने उनको भनाइ छ । कानुन व्यवसायी महासेठले पर्यटकको आगमन बढेपछि स्थानीय होटल व्यवसायी, यातायात व्यवसायी, पर्यटक पथप्रदर्शक तथा हस्तकला क्षेत्रमा आबद्ध समुदायले प्रत्यक्ष लाभ लिन सक्ने बताए । त्यसका लागि पर्यटकमैत्री पूर्वाधार, सरसफाइ, आवास, सुरक्षा, सूचना तथा यातायात व्यवस्थापनमा सुधार गर्नुपर्ने उनको सुझाव छ ।

जनकपुरधाम र अयोध्या रामायणसँग सम्बन्धित दुई महत्त्वपूर्ण धार्मिक केन्द्र हुन् । यी दुई सहरबीच प्रत्यक्ष रेल सम्पर्क स्थापित हुँदा रामायण सर्किटको अवधारणालाई थप प्रभावकारी बनाउन सहयोग पुग्ने अपेक्षा गरिएको छ । जनकपुरधाममा विवाहपञ्चमी, रामनवमी, जानकी नवमी तथा अन्य धार्मिक पर्वका अवसरमा भारतका विभिन्न स्थानबाट ठूलो संख्यामा श्रद्धालु आउने गरेका छन् । त्यसैगरी अयोध्यामा पनि विभिन्न धार्मिक तथा सांस्कृतिक गतिविधिका अवसरमा स्वदेशी तथा विदेशी पर्यटकको आवागमन हुने गरेको छ ।

दुवै सहरबीच रेल सेवा सञ्चालन भएपछि तीर्थयात्रीले एउटै यात्रामा दुवै धार्मिकस्थलको दर्शन गर्ने अवसर पाउने छन् । यसले धार्मिक यात्रालाई सहज बनाउनुका साथै दुवै देशका धार्मिक तथा सांस्कृतिक संस्थाबीच सहकार्य र सम्पर्क विस्तार गर्ने सम्भावना पनि बढाएको अधिकारकर्मी सिजेन्द्र सदाको भनाइ छ । रामायणसँग सम्बन्धित अन्य धार्मिक तथा ऐतिहासिक स्थललाई समेत एउटै पर्यटन मार्गमा जोड्नसके नेपाल र भारतबीच धार्मिक पर्यटनको दायरा अझ विस्तार हुन सक्ने उनले बताए ।

नागरिक समाजकी अगुवा रेखा झाले लामो समयदेखि पहल हुँदै आए पनि सञ्चालन हुन नसकेको रेल सेवा अहिले कार्यान्वयनको चरणमा पुगनु सकारात्मक उपलब्धि भएको बताइन् । उनले रेल सेवालाई नियमित र प्रभावकारी बनाउन दुवै देशका सरकारबीच आवश्यक नीतिगत निर्णय, प्रशासनिक समन्वय तथा पूर्वाधार व्यवस्थापन हुनुपर्नेमा जोड दिइन् । उनका अनुसार रेल सेवा सञ्चालन हुनु महत्त्वपूर्ण उपलब्धि भए पनि यसको दीर्घकालीन सफलता नियमित सञ्चालन, यात्रुको सुरक्षा, सहज टिकट व्यवस्था र प्रभावकारी व्यवस्थापनमा निर्भर रहने छ । धार्मिक पर्यटनबाट स्थानीय समुदायले लाभ लिन सक्ने वातावरण बनाउन सरकार तथा निजी क्षेत्रबीच सहकार्य आवश्यक रहेको उनको भनाइ छ ।

हाल भारतको जयनगरदेखि नेपालको जनकपुरधाम हुँदै महोत्तरीको बिजलपुरासम्म नियमित रेल सेवा सञ्चालन हुँदै आएको छ । यही रेल सञ्जाललाई आधार बनाएर व्यावसायिकरूपमा जनकपुरधाम-अयोध्या विशेष रेल सेवा सञ्चालन गर्न लागिएको हो । जनकपुरधामलाई माता सीताको जन्मभूमि र अयोध्यालाई भगवान् रामको जन्मभूमिका रूपमा मानिँदै आएको छ । यी दुई ऐतिहासिक सहरबीच प्रत्यक्ष रेल सम्पर्क स्थापित भएपछि धार्मिक पर्यटनको नयाँ सम्भावना खुल्ने र रामायणसँग जोडिएका धार्मिक तथा सांस्कृतिक गन्तव्यबीचको सम्बन्ध थप बलियो हुने अपेक्षा गरिएको छ ।

नयाँ रेल सेवाले श्रद्धा र संस्कृतिका दुई ऐतिहासिक केन्द्रबीच पर्यटकको आवागमन सहज बनाउनुका साथै स्थानीय आर्थिक गतिविधि र नेपाल-भारतको जनस्तरको सम्बन्धलाई समेत नयाँ गति दिने स्थानीय व्यवसायी अम्बुप्रसाद साहको विश्वास छ । यसले धार्मिक आस्थालाई पर्यटन, व्यापार र आर्थिक समृद्धिसँग जोड्न सकिए जनकपुरधामले अन्तर्राष्ट्रिय पर्यटन बजारमा थप पहिचान स्थापित गर्ने अवसर पाउने छ । यसका लागि रेल सेवा नियमित र भरपर्दो बनाउने, यात्रुको सहज आवागमन सुनिश्चित गर्ने, पर्यटकीय पूर्वाधार सुधार गर्ने तथा दुवै देशका सम्बन्धित निकायबीच प्रभावकारी समन्वय कायम गर्नुपर्ने साहले बताए । *रासस*

युएइमा रोजगार — कम्पनी : UNION FALCONE GENERAL CONTRACTING - L.L.C - S.P.C
पूर्व स्वीकृति मिति : २०८२/११/१३ | पूर्व स्वीकृति मिति : २०८३/०८/११ | LT. No. 339530 | चलानी नं. ६०१९२९६१

सि. नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	मासिक तलब AED	मासिक तलब ने.रू.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1	Helper	16	0	1200	४८,२९०	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ		२ वर्ष

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ मंसिर १४ गते (5th Dec. 2026) मा हुनेछ ।

रहदानमा अरिवे वि मेडिकल गर्न लगाउने	रोजगार कम्पनीले मेडिकल गर्न दिने / नदिने	रहदानमा अरिवे बिमा गर्न लगाउने	रोजगारदाता बिमा हुने/नहुने र कपले व्यहोर्ने	हवाई टिकट कपले दिने र कति लाग्ने	भिसा शुल्क कपले दिने र कति लाग्ने	सामाजिक सुरक्षा कोष कपले दिने र कति लाग्ने (सरसपक्ष)	कल्याणकारी कोष सम्बन्धि व्यवस्था:	सेवा शुल्क	अभिमुखिकरण शुल्क कति लाग्ने र कपले व्यहोर्ने	भिसा स्टाम्पिङ शुल्क कपले व्यहोर्ने
कामदार आफै	दिने	कामदार आफैले	हुने: रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रु. २४९६/- कामदारले तिर्ने	रु. १,२००/- कामदार आफैले	नि:शुल्क	रु.७००/- कामदार आफैले	रोजगारदाता कम्पनीले

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कूटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राखेर जानु होला । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कमैलाई नतिर्नुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण पनि गराउनु होला । ५) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने तलब, सुविधा र अन्य शर्तबारे राम्री पहेंर गर्न सम्बन्धित हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफूसंग राख्नुहोला । ६) कामका विरुद्ध जाँच नेपालकै एयरपोर्ट प्रवेश गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग तहाचमना सम्पर्क गर्नुहोला ।

श्रम इजाजत नं. २०८०-०७१-०१४

EARTH SMART HUMAN RESOURCES NEPAL PVT.LTD.
Sinamangal, Kathmandu-9, Phone No. +977-01-4574652, 4574653
Website: www.earthsmart-nepal.com Email : earthsmarthrn@gmail.com

कुवेतमा रोजगार — कम्पनी : SEVEN ICONS GENERAL TRADING COMPANY FOR FOODSTUFFS
पूर्व स्वीकृति मिति : २०८३/०५/१६ | पुन विज्ञापन स्वीकृति मिति : २०८३/०८/११ | LT. No. 347407 | चलानी नं. ६०१६०५७१

सि. नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	मासिक तलब KD	मासिक तलब ने.रू.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1	Waiter/waitress	21	14	120	५६,७३५	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ		२ वर्ष
2	Barista	15	14	150	७०,९५४							

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ मंसिर १४ गते (5th Dec. 2026) मा हुनेछ ।

रहदानमा अरिवे वि मेडिकल गर्न लगाउने	रोजगार कम्पनीले मेडिकल गर्न दिने / नदिने	रहदानमा अरिवे बिमा गर्न लगाउने	रोजगारदाता बिमा हुने/नहुने र कपले व्यहोर्ने	हवाई टिकट कपले दिने र कति लाग्ने	भिसा शुल्क कपले दिने र कति लाग्ने	सामाजिक सुरक्षा कोष कपले दिने र कति लाग्ने (सरसपक्ष)	कल्याणकारी कोष सम्बन्धि व्यवस्था:	सेवा शुल्क	अभिमुखिकरण शुल्क कति लाग्ने र कपले व्यहोर्ने	भिसा स्टाम्पिङ शुल्क कपले व्यहोर्ने
कामदार आफै	दिने	कामदार आफैले	हुने: रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रु. २४९६/- कामदारले तिर्ने	रु. १,२००/- कामदार आफैले	नि:शुल्क	रु.७००/- कामदार आफैले	रोजगारदाता कम्पनीले

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कूटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राखेर जानु होला । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कमैलाई नतिर्नुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण पनि गराउनु होला । ५) कामका विरुद्ध जाँच नेपालकै एयरपोर्ट प्रवेश गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ६) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग तहाचमना सम्पर्क गर्नुहोला ।

SHUKRAN RECRUITMENT SERVICES PVT. LTD.
Kathmandu Metropolitian City- 9, Kathmandu, Bagmati Province, Nepal , Tel No.: 01-5929466
Email: Shukranrrecruitmentservices@gmail.com, Website: Www.shukranrecruitment.com.np

मलेसियामा रोजगारको अवसर — कम्पनी : TPI INDUSTRIES SDN. BHD.
पूर्व स्वीकृति मिति : २०८३/०१/२० | पुन विज्ञापन स्वीकृति मिति : २०८३/०८/११ | LT. No. 341402 | चलानी नं.६०२५४७६१

सि. नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	मासिक तलब RM	मासिक तलब ने.रू.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1	General Worker/Factory Worker	9	0	1700	६१,२९०	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छैन	छ	२ वर्ष

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ मंसिर १४ गते (5th Dec. 2026) मा हुनेछ ।

रहदानमा अरिवे वि मेडिकल गर्न लगाउने	रोजगार कम्पनीले मेडिकल गर्न दिने / नदिने	रहदानमा अरिवे बिमा गर्न लगाउने	रोजगारदाता बिमा हुने/नहुने र कपले व्यहोर्ने	हवाई टिकट कपले दिने र कति लाग्ने	भिसा शुल्क कपले दिने र कति लाग्ने	सामाजिक सुरक्षा कोष कपले दिने र कति लाग्ने (सरसपक्ष)	कल्याणकारी कोष सम्बन्धि व्यवस्था:	सेवा शुल्क	अभिमुखिकरण शुल्क कति लाग्ने र कपले व्यहोर्ने	भिसा स्टाम्पिङ शुल्क कपले व्यहोर्ने
कामदार आफै	दिने	कामदार आफैले	हुने: रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रु. २४९६/- कामदारले तिर्ने	रु. १,२००/- कामदार आफैले	नि:शुल्क	रु.७००/- कामदार आफैले	रोजगारदाता कम्पनीले

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कूटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राखेर जानु होला । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कमैलाई नतिर्नुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण पनि गराउनु होला । ५) कामका विरुद्ध जाँच नेपालकै एयरपोर्ट प्रवेश गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ६) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग तहाचमना सम्पर्क गर्नुहोला ।

Grand Suite Job Pvt. Ltd.
Koteshwor-32, Ktm, Nepal Tel: +01-5100475
Email: Info@grandsuitejob.com, Web: www.grandsuitejob.com.np

साउदीमा रोजगार — कम्पनी : CENTRAL BUSINESS FOR GENERAL CONTRACTING EST
पूर्व स्वीकृति मिति : २०८३/०८/११ | LT. No. 351015 | चलानी नं. ६०१६४७१२

सि. नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	मासिक तलब SR	मासिक तलब ने.रू.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1	Pickup Truck Driver	1	0	1500	५९,०१६	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ		२ वर्ष

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ मंसिर १४ गते (5th Dec. 2026) मा हुनेछ ।

रहदानमा अरिवे वि मेडिकल गर्न लगाउने	रोजगार कम्पनीले मेडिकल गर्न दिने / नदिने	रहदानमा अरिवे बिमा गर्न लगाउने	रोजगारदाता बिमा हुने/नहुने र कपले व्यहोर्ने	हवाई टिकट कपले दिने र कति लाग्ने	भिसा शुल्क कपले दिने र कति लाग्ने	सामाजिक सुरक्षा कोष कपले दिने र कति लाग्ने (सरसपक्ष)	कल्याणकारी कोष सम्बन्धि व्यवस्था:	सेवा शुल्क	अभिमुखिकरण शुल्क कति लाग्ने र कपले व्यहोर्ने	भिसा स्टाम्पिङ शुल्क कपले व्यहोर्ने
कामदार आफै	दिने	कामदार आफैले	हुने: रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रु. २४९६/- कामदारले तिर्ने	रु. १,२००/- कामदार आफैले	५०,०००/-	रु.७००/- कामदार आफैले	रोजगारदाता कम्पनीले

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कूटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राखेर जानु होला । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कमैलाई नतिर्नुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण पनि गराउनु होला । ५) कामका विरुद्ध जाँच नेपालकै एयरपोर्ट प्रवेश गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ६) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग तहाचमना सम्पर्क गर्नुहोला ।

SKY BLUE H.R. SOLUTION PVT.LTD
Sinamangal-9, omnagar marga, Kathmandu, Nepal, Tel: 01-4593566, Ganga Khadka 9802358961, Emal: skybluehrsolutionspvtltd@gmail.com, Web: www.skybluehr.com

युएइमा रोजगार — कम्पनी : PLATINUM GREASE & LUBRICANTS MANUF LLC
पूर्व स्वीकृति मिति : २०८३/०८/१० | LT. No. 351043 | चलानी नं. ६०१६४००३

सि. नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	मासिक तलब AED	मासिक तलब ने.रू.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1.	Stevedore	3	0	1000	८०,२८२	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ		२ वर्ष

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ मंसिर १४ गते (5th Dec. 2026) मा हुनेछ ।

रहदानमा अरिवे वि मेडिकल गर्न लगाउने	रोजगार कम्पनीले मेडिकल गर्न दिने / नदिने	रहदानमा अरिवे बिमा गर्न लगाउने	रोजगारदाता बिमा हुने/नहुने र कपले व्यहोर्ने	हवाई टिकट कपले दिने र कति लाग्ने	भिसा शुल्क कपले दिने र कति लाग्ने	सामाजिक सुरक्षा कोष कपले दिने र कति लाग्ने (सरसपक्ष)	कल्याणकारी कोष सम्बन्धि व्यवस्था:	सेवा शुल्क	अभिमुखिकरण शुल्क कति लाग्ने र कपले व्यहोर्ने	भिसा स्टाम्पिङ शुल्क कपले व्यहोर्ने
कामदार आफै	दिने	कामदार आफैले	हुने: रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रु.२४९६/- कामदारले तिर्ने	रु. १,२००/- कामदार आफैले	नि:शुल्क	रु.७००/- कामदार आफैले	रोजगारदाता कम्पनीले

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कूटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राखेर जानु होला । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भए

काठमाडौं जि.प्र.का.द.नं.४८०-०७०/७१, म.क्ष.हु.नि.द.नं. ९/०७३/७४

प्रभाव दैनिक
National Daily

अर्थ बजार

आजको मूल्य

छापावाला सुन / प्रति तोला -	तेजाबी सुन / प्रति तोला -	चाँदी / प्रति तोला -
२,४२,८००	०	३,०७५





‘विद्युत् महसुलमा लाउने भ्याटलाई सहज बनाउने तयारीमा छौं’



■ प्रभाव संवाददाता

कास्की – ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री विराजभक्त श्रेष्ठले विद्युत् महसुलमा लगाइएको मूल्य अभिवृद्धि कर (भ्याट)लाई उपभोक्ताका लागि सहज बनाउने तयारी भइरहेको बताएका छन् ।

सत्तारुढ राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) कास्कीले पोखरामा आयोजना गरेको भेटघाट तथा अन्तरक्रियामा उनले चालु आर्थिक वर्षको बजेटमार्फत कार्यान्वयनमा ल्याइएको विद्युत् महसुलको भ्याट व्यवस्थालाई सहजीकरण गर्न सरकार सकारात्मक रहेको बताए ।

विद्युत् महसुलमा भ्याट लगाउने व्यवस्थाले उपभोक्तामा आर्थिक भार थपिएको विषयमा सरकार जानकार रहेको उल्लेख गर्दै उनले आर्थिक ऐन संशोधनको प्रस्ताव आउने समयमा यसलाई सहज बनाउने विषयमा छलफल भइरहेको जानकारी दिए । ‘मन्त्रालयको कोसिस भ्याट सहज बनाउनेबाहेक अन्य सहुलियत के-के दिन सकिन्छ भनेर पनि लागिरहेका छौं । यसबाहेक अतिरिक्त शुल्कलाई कसरी हेर्न सकिन्छ भन्ने हाम्रो कोसिस जारी छ’, मन्त्री श्रेष्ठले भने ।

सरकारले चालु आर्थिक वर्ष २०८३/८४ को बजेटमार्फत मासिक ५० युनिटभन्दा बढी खपत गर्ने ग्राहकलाई पाँच प्रतिशत भ्याट लाग्दै आएको छ । मन्त्री श्रेष्ठले एउटै नदीमा विद्युत् उत्पादनका लागि विगतमा धेरै आयोजनालाई जथाभावी अनुमति दिइएको पाइएको भन्दै त्यसलाई व्यवस्थित र नियमन गर्न मन्त्रालयले काम गरिरहेको बताए ।

एउटै नदीमा धेरै आयोजना सञ्चालनका लागि अनुमति दिँदा नदीको प्राकृतिक बहाव प्रभावित भएको उल्लेख गर्दै उनले कतिपय स्थानमा मृत्यु संस्कारका लागि जाँदासमेत खोलामा पानी नहुने अवस्था रहेको बताए । नदीलाई स्वतन्त्र रूपमा बग्न दिनुपर्नेमा उनको जोड थियो ।

‘विद्युतको अभावले हो कि किन हो, जथाभावी लाइसेन्स दिएको पाएका छौं । पहिला लाइसेन्स दिएको कारण कानुनी जटिलता छ । अहिले हामीले त्यसलाई नियमन गर्न खोजेका छौं’, उनले भने ।

मन्त्रालयको जिम्मेवारी सम्हालेपछि नयाँ योजना ल्याउनुभन्दा पनि विगतका निर्णय र व्यवस्थालाई सुधार गर्नुपर्ने अवस्था बढी चुनौतीपूर्ण रहेको उनले बताए । अहिले भने मन्त्रालयका काम क्रमशः सही दिशामा अघि बढ्न थालेको उनको भनाइ थियो ।

स्थानीयवासी र जलविद्युत् प्रवर्द्धकबीच देखिने विवाद समाधान तथा उजुरीको सुनुवाइ गर्ने अधिकार विद्युत् नियमन आयोगमा रहेको उल्लेख गर्दै उनले केही विवाद समाधानको प्रक्रियामा अघि बढेको जानकारी दिए ।

‘व्यक्तिले शासन गर्ने राज्य होइन, विधिले शासन गर्ने राज्य बनाउँदैछौं । अहिले केही विवाद सुल्झिएको छ । प्रवर्द्धकको दायित्व सामाजिक उत्तरदायित्वअन्तर्गत स्थानीय सरकारसँग मिलेर पूरा गर्नुपर्ने र कम्युनिटी सपोर्ट कार्यक्रम गर्नुपर्नेछ’, उनले भने ।

भैरहवा हवाइमार्ग दुईतर्फी बनाउने सहमतिले अर्थतन्त्रमा नयाँ आशा

■ कमल रायमाझी

रूपन्देही– गौतमबुद्ध अन्तरराष्ट्रिय विमानस्थलबाट अन्तरराष्ट्रिय उडान विस्तार गर्ने लामो समयदेखिको प्रतीक्षाबीच नेपाल र भारतबीच भैरहवा हवाई मार्गलाई दुईतर्फी सञ्चालन गर्ने सहमति भएपछि रूपन्देहीसहित समग्र लुम्बिनी प्रदेशका पर्यटन तथा उद्योग व्यवसायीमा नयाँ आशा जागेको छ ।

प्रधानमन्त्री वालेन्द्र शाहको भारत भ्रमणका क्रममा भएको यो सहमतिलाई गौतमबुद्ध अन्तरराष्ट्रिय विमानस्थलको पूर्ण उपयोग, लुम्बिनीको अन्तरराष्ट्रिय पर्यटन प्रवर्द्धन र सीमावर्ती क्षेत्रको आर्थिक गतिविधि विस्तारका दृष्टिले महत्वपूर्ण उपलब्धिका रूपमा हेरिएको छ ।

भारत भ्रमणका क्रममा प्रधानमन्त्री शाह र भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीबीच भएको द्विपक्षीय सहमतिअनुसार हाल एकतर्फी सञ्चालनमा रहेको काठमाडौं-भैरहवा-लखनउ हवाई मार्गलाई दुईतर्फी बनाइने भएको हो । यसका लागि दुवै देशका प्राविधिक अधिकारीबीच थप परामर्श गरी आवश्यक सञ्चालन प्रक्रिया र तौरतरिका टुंग्याइने संयुक्त वक्तव्यमा उल्लेख छ । यसले गौतमबुद्ध अन्तरराष्ट्रिय विमानस्थलमा अन्तरराष्ट्रिय उडानको प्रवेश तथा बहिर्गमनलाई सहज बनाउने अपेक्षा गरिएको छ । करिब एक दशकभन्दा लामो समयदेखि अन्तरराष्ट्रिय हवाई प्रवेशमार्गको विषय उठाउँदै आएको नेपालका लागि यो सहमतिलाई हवाई सम्पर्क विस्तारको महत्वपूर्ण प्रगतिका रूपमा लिइएको छ ।

विशेषगरी गौतमबुद्ध अन्तरराष्ट्रिय विमानस्थल निर्माण भएपछि पनि अपेक्षित संख्यामा अन्तरराष्ट्रिय उडान हुन नसक्दा लगानी, पूर्वाधार र व्यावसायिक सम्भावनाको पूर्ण उपयोग हुन सकेको थिएन । नयाँ सहमतिले विमानस्थललाई नियमित अन्तरराष्ट्रिय उडानको केन्द्रका रूपमा विकास गर्ने सम्भावना बढाएको छ ।

सिद्धार्थ उद्योग वाणिज्य संघ रूपन्देहीका अध्यक्ष नेत्रप्रसाद आचार्यले प्रधानमन्त्रीको भारत भ्रमणका क्रममा भएको हवाई मार्गसम्बन्धी सहमतिलाई नेपालको पर्यटन विकासका लागि महत्वपूर्ण उपलब्धिका रूपमा लिएका छन् । उनले पर्यटन विकासको प्रमुख आधार हवाई सम्पर्क भएकाले भारतबाट भैरहवामा सहज हवाई आवागमन हुनसक्ने वातावरण निर्माण हुनु सकारात्मक रहेको बताए ।

उनका अनुसार गौतमबुद्ध अन्तरराष्ट्रिय विमानस्थल सञ्चालनमा आएपछि यस क्षेत्रका उद्योगी, व्यवसायी, पर्यटन व्यवसायी तथा सर्वसाधारणले अन्तरराष्ट्रिय उडान विस्तार हुने अपेक्षा गरेका थिए । तर पर्याप्त हवाई सम्पर्कको अभावमा विमानस्थलले अपेक्षित गति लिन सकेको थिएन । अब हवाई मार्ग दुईतर्फी बनाउने सहमतिले विमानस्थलको उपयोग बढाउन, विदेशी पर्यटक आकर्षित गर्न र निजी क्षेत्रको लगानीलाई प्रतिफलमुखी बनाउन सहयोग पुग्ने उनको विश्वास छ ।

> करिब एक दशकभन्दा लामो समयदेखि अन्तरराष्ट्रिय हवाई प्रवेशमार्गको विषय उठाउँदै आएको नेपालका लागि यो सहमतिलाई हवाई सम्पर्क विस्तारको महत्वपूर्ण प्रगतिका रूपमा लिइएको छ ।

नेपाल ट्राभल एसोसिएसन नाटाका पूर्वअध्यक्ष सागर अधिकारीले भैरहवाबाट भारतका विभिन्न पर्यटकीय तथा धार्मिक गन्तव्यसँग हवाई सम्पर्क विस्तार गर्नसके नेपालको पर्यटन क्षेत्रमा ठूलो परिवर्तन ल्याउन सकिने बताए । उनले नेपालको पर्यटन विकासका लागि विमानस्थल निर्माणसँगै सहज हवाई आवागमन र अन्तरराष्ट्रिय सम्पर्क आवश्यक रहेको उल्लेख गर्दै भैरहवाबाट भारतका गन्तव्यमा उडान सञ्चालन गर्ने प्रक्रिया छिटो अघि बढाउनुपर्नेमा जोड दिए ।

उनका अनुसार लुम्बिनी आउने पर्यटकको संख्या बढाउन भारतका प्रमुख धार्मिक तथा पर्यटकीय सहरसँग यातायात सम्पर्क सहज हुनुपर्छ । विशेषगरी बुद्ध सर्किटअन्तर्गतका भारतीय गन्तव्य र नेपालको लुम्बिनी क्षेत्रलाई एउटै पर्यटन प्याकेजमा जोड्नसके पर्यटकको बसाइ अवधि बढ्नुका साथै होटल, ट्राभल, यातायात, रेस्टुरेन्ट र अन्य पर्यटन व्यवसायमा आर्थिक गतिविधि विस्तार हुनेछ ।

भारतको उत्तर प्रदेशस्थित लखनउ, वाराणसी, सारनाथ, कुशीनगर, श्रावस्ती तथा विहारका बोधगया, नालन्दा र वैशालीजस्ता बौद्ध तथा धार्मिक गन्तव्यसँग नेपालको लुम्बिनी क्षेत्रलाई जोड्न सकिने पर्यटन व्यवसायीको भनाइ छ । अयोध्या र वाराणसीजस्ता धार्मिक सहरबाट आउने पर्यटकलाई लुम्बिनी, तिलौराकोट, देवदह र रामग्रामसम्म पुग्ने सहज यात्रा प्याकेज विकास गर्नसके नेपाल र भारत दुवै देशले पर्यटनबाट लाभ लिनसक्ने सम्भावना छ ।

लुम्बिनी बौद्ध विश्वविद्यालयमा प्राध्यापनरत सुरज घिमिरेले गौतमबुद्धको जन्मस्थल लुम्बिनी केवल बौद्ध धर्मावलम्बीको तीर्थस्थल मात्र नभई शान्ति, अहिंसा, सकारात्मक सोच, ध्यान र मानव कल्याणको सन्देश विश्वभर फैलाउने महत्वपूर्ण केन्द्र भएको बताए । उनले बुद्धको जीवन र दर्शनसँग जोडिएका स्थलको भ्रमण गर्न विश्वका विभिन्न मुलुकबाट लाखौं मानिस इच्छुक रहेको उल्लेख गर्दै भारतबाट सहज हवाई सम्पर्क स्थापित हुनसके लुम्बिनी आउने पर्यटकका लागि यात्रा थप सहज हुने बताए ।

उनका अनुसार बुद्धको जन्मस्थल लुम्बिनी, ज्ञान प्राप्तिस्थल भारतको बोधगया, पहिलो धर्मदेशना गरेको सारनाथ र महापरिनिर्वाणस्थल कुशीनगरलाई जोड्ने बौद्ध पर्यटन मार्ग विश्वकै महत्वपूर्ण धार्मिक तथा सांस्कृतिक पर्यटन सञ्जाल हो । यसमा नेपालको लुम्बिनीलाई केन्द्र बनाएर कपिलवस्तुको तिलौराकोट, देवदह र रामग्रामसमेत जोड्नसके बौद्ध दर्शन, इतिहास र सभ्यतामा रुचि राख्ने पर्यटकका लागि लामो अवधिको भ्रमण प्याकेज विकास गर्न सकिने उनको भनाइ छ । नेपालको बुद्ध सर्किटअन्तर्गत लुम्बिनी, प्राचीन कपिलवस्तुको तिलौराकोट, देवदह र रामग्राम महत्वपूर्ण गन्तव्य हुन् । लुम्बिनीमा मायादेवी मन्दिर, अशोक स्तम्भ, पवित्र पुष्करणी पोखरी, अन्तरराष्ट्रिय विहार क्षेत्र तथा विभिन्न मुलुकका बौद्ध संस्कृतिको प्रतिनिधित्व गर्ने गुम्बा र विहार रहेका छन् ।

कपिलवस्तुको तिलौराकोटलाई सिद्धार्थ गौतमले राजकुमारका रूपमा जीवन बिताएको प्राचीन शाक्य राजधानीका रूपमा चिनिन्छ । देवदह कोलीय राज्य र मायादेवीको माइती क्षेत्रसँग सम्बन्धित छ भने रामग्राममा बुद्धको अस्तुधातु सुरक्षित रहेको ऐतिहासिक स्तूप छ । यी सम्पदाको संरक्षण र प्रचारप्रसारसँगै अन्तरराष्ट्रिय यातायात सम्पर्क विस्तार गर्नसके लुम्बिनी क्षेत्रलाई विश्वव्यापी बौद्ध पर्यटनको प्रमुख केन्द्र बनाउन सकिने सम्भावना छ । भारत सरकारलेसमेत बौद्ध पर्यटन सर्किटको अवधारणामा लुम्बिनीलाई बोधगया, सारनाथ, कुशीनगर र कपिलवस्तुसँग जोड्ने योजना अघि सारेको छ । यसले नेपाल र भारतबीच संयुक्त पर्यटन प्याकेज विकास गर्न थप आधार प्रदान गर्छ । *रासस*

कर्पोरेट

ग्लोबल आइएमई बैंक भिसाका दुई विधामा सम्मानित



काठमाडौं (प्रस)– ग्लोबल आइएमई बैंक लिमिटेड भिसा इन्टरनेशनलका दुई विधामा सम्मानित भएको छ । भिसा इन्टरनेशनलले आयोजना गरेको ‘भिसा लिडरसिप कन्क्लेभ’ कार्यक्रममा बैंकलाई ‘एक्सिलेन्स इन प्रोडक्ट इनोभेसन’ र ‘एक्सिलेन्स इन भ्यालु एडेड सर्भिसेस’ विधामा अवार्ड प्रदान गरिएको हो ।

ग्राहकको बदलिँदो आवश्यकता र अपेक्षाअनुसार नवीन प्रविधिमा आधारित भिसाअन्तर्गतका बैंकिङ सेवा विकास तथा विस्तार गरेबापत बैंकलाई सम्मान गरिएको जनाइएको छ । बैंकले डिजिटल भुक्तानी प्रणालीको प्रवर्द्धन, नवीन बैंकिङ समाधानको कार्यान्वयन तथा ग्राहकलाई थप सेवा र सुविधा उपलब्ध गराएको योगदानको कदरस्वरूप अवार्ड प्राप्त गरेको जनाएको छ ।

ग्लोबल आइएमई बैंकले यसअघि ‘बैंक अफ द इयर २०१४’, ‘बेस्ट इन्टरनेट बैंक २०१६’ तथा सन् २०२४, २०२५ र २०२६ मा लगातार ‘बेस्ट बैंक नेपाल’ को उपाधि प्राप्त गरिसकेको छ । यस्तै, बैंकले युरोमनी अवार्ड फर एक्सिलेन्स सन् २०२२, २०२४ र २०२५ तथा ‘बेस्ट बैंक ईएसजी नेपाल २०२४’ र ‘बेस्ट इम्प्लोयर’ अवार्डसमेत प्राप्त गरेको छ । मुलुकका ७७ वटै जिल्लामा सञ्जाल विस्तार गर्ने पहिलो निजी क्षेत्रको वाणिज्य बैंक रहेको ग्लोबल आइएमईका हाल ३४१ शाखा, ३६६ एटीएम, १३६ शाखारहित बैंकिङ केन्द्र र ६९ एक्सटेन्सन तथा राजस्व संकलन काउन्टर सञ्चालनमा छन् । बैंकले विदेशमा रहेका तीन प्रतिनिधि कार्यालयसहित एक हजारभन्दा बढी सेवा केन्द्रमार्फत सेवा दिँदै आएको छ ।

सिद्धार्थ बैंकद्वारा नागढुंगा-सिस्नेखोला सुरुङमार्गका लागि एन-ट्याग सेवा सञ्चालन

काठमाडौं (प्रस) – सिद्धार्थ बैंक लिमिटेडले सडक बोर्ड नेपालसँगको सहकार्यमा नागढुङ्गा-सिस्नेखोला सुरुङमार्गमा गुड्ने निजी तथा व्यावसायिक चारपाङ्ग्रे सवारी साधनका लागि एन-ट्याग सेवा सञ्चालनमा ल्याएको छ । सवारी साधनको अगाडिको सिसामा टाँसिने यस विद्युतीय स्टिकरको मद्दतले टोल बुथमा नरोकीकन तोकिएको एन-ट्याग लेनबाट सिधै गुड्दा स्वचालित रूपमा टोल शुल्क भुक्तानी हुन्छ । यसले टोल बुथमा लामो समय कुर्नुपर्ने झन्झट हटाएर समय र इन्धनको बचत गर्नुका साथै यात्रालाई पूर्ण रूपमा नगदरहित र छरितो बनाउँछ ।

ग्राहकहरूले अनलाइन आवेदन भरेर नजिकैको सिद्धार्थ बैंकको शाखाबाट एन-ट्याग संकलन तथा सक्रिय गर्न सक्नुहुनेछ । यसका लागि सर्वप्रथम सडक बोर्ड नेपालको पोर्टलमा गई साइनअपबाट व्यक्तिगत वा संस्थागत छनोट गरी मोबाइल नम्बर र इमेल राख्नुपर्छ तथा इमेलमा आएको भेरिफिकेसन कोड प्रविष्ट गरी पासवर्ड सेट गर्नुपर्छ ।

त्यसपछि व्यक्तिगत दर्ताका लागि पूरा नाम, ठेगाना, सम्पर्क विवरण र आधिकारिक परिचयपत्र ९नागरिकता, राष्ट्रिय परिचयपत्र वा राहदानी० को स्पष्ट कपी तथा संस्थागत दर्ताका लागि संस्थाको नाम, ठेगाना, सम्पर्क नम्बर, आधिकारिक प्रतिनिधिको विवरण र संस्था दर्ता तथा प्यान र भ्याट प्रमाणपत्र अपलोड गर्नुपर्छ । लगत्तै पोर्टलमा लगइन गरी भेइकल रजिस्ट्रेसनमा गएर ब्लुबुक अनुसारको सवारी विवरण र ब्लुबुकको कपी अपलोड गरी पेश गर्नुपर्छ । एउटा एनटचाग एउटा निश्चित सवारी साधनका लागि मात्र प्रयोग गर्न मिल्नेछ र टोल लेन प्रयोग गर्नुअघि आफ्नो एन-टचाग मा पर्याप्त व्यालेन्स राख्नुपर्छ । यस सेवाको प्रयोगले डिजिटल भुक्तानी प्रणालीको प्रवर्द्धन हुनुका साथै निकत भविष्यमा सञ्चालनमा आउने देशभरका विद्युतीय टोलयुक्त राजमार्गहरूमा सर्वसाधारणको यात्रा थप व्यवस्थित, छरितो र सुरक्षित बन्ने विश्वास बैंकले लिएको छ ।

SiddharthaBank

विपतको पूर्व तयारीमा जुटौ

भूकम्प, बाढी, पहिरो, डुबान, आगलागी, हावाहुरी, चट्याङजस्ता जोखिमबाट जोगिन:

- भवन तथा भौतिक संरचना निर्माण गर्दा भवन सम्बन्धी मापदण्ड पालना गरौं,
- जोखिमयुक्त ठाउँमा बसोबास नगरौं,
- आपतकालीन सामग्री (खानेपानी, औषधि, टर्च, कागजात आदि) सधैं तयार राखौं,
- विद्यालय, कार्यालय र समुदायमा विपत् व्यवस्थापन योजना बनाऔं ।



नेपाल सरकार
विज्ञापन बोर्ड

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रण: एक्प्रेस कलर प्रेस, कार्यालय: काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेल: prabhabdailynews@gmail.com, विज्ञापनका लागि: marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशक: कृष्ण कार्की, सम्पादक: विष्णु तामाङ